का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ भदौ २०८२
आइतबार
14 September 2025
Sunday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न








# खरानी टक्टक्याउँदै सिंहदरबार

देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारभित्र रहेका कतिपय संरचना सफा गरेपछि सेवा सुचारु गर्न सकिने अवस्थामा छन् । प्रधानमन्त्री कार्यालय र गृह मन्त्रालयलगायतका कतिपय संरचनामा भने शतप्रतिशत क्षति भएको छ ।



सिंहदरबार निकै नै क्षतिग्रस्त छ । तथापि, ड्यामेज नभएका ठाउँबाट सेवा सुरु गर्दै छौं ।

■ **एकनारायण अर्याल**
**मुख्य सचिव**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ भदौ

मुख्य सचिव एकनारायण अर्यालले सिंहदरबार अवलोकन गरेका छन् । आगलागीबाट भएको क्षति हेर्न मुख्यसचिव अर्याल अन्य सचिवहरूलाई समेत लिएर सिंहदरबार पुगेका हुन् ।

अवलोकनपछि उनले भनेका छन्, 'सिंहदरबार निकै नै क्षतिग्रस्त छ । तथापि ड्यामेज नभएका ठाउँबाट सेवा सुरु गर्दै छौं ।' नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीका लागि पनि सिंहदरबारमै कार्यकक्ष तयार भएको छ। सिंहदरबार पुगेर कार्यभार सम्हालेर काम सुरु गर्दै छिन् ।

जेनजीको आन्दोलनपछि केपी शर्मा ओलीले राजीनामा दिए । नयाँ सरकार प्रतिनिधि सभाबाट बन्न नसक्ने अवस्था रहेपछि सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार बनेको छ । नयाँ सरकारको कामकारबाही पनि सिंहदरबारबाटै गर्ने तयारी छ ।

स्थलगत अध्ययनपछि सचिवहरूले मन्त्रालयमा गरेको ब्रिफिङअनुसार देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारभित्र रहेका कतिपय संरचना सफा गरेपछि सेवा सुचारु गर्न पृष्ठ २ मा

# संसद् विघटनको प्रतिवादमा दलहरू

जेनजीको आन्दोलका क्रममा गोली लागेर १९ जनाको मृत्यु भएको थियो भने घाईते भएकाहरुको समेत मृत्यू हुनेक्रम जारी रहँदा हालसम्म ५४ जना आन्दोलनकारीले ज्यान गुमाइसकेका छन् ।



संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन् । बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गरौं

● **रामचन्द्र पौडेल**
**राष्ट्रपति**



संसद विघटनको यो निर्णय संविधानको परिकल्पना र सर्वोच्च अदालतको ब्याख्या विपरीत छ यसले एकातर्फ लोकतान्त्रिक उपलब्धि धरापमा पारेको छ भने अर्कातर्फ जेनजी आन्दोलनको भावना र मर्मले मृत्यवरणको आशंका बढेको छ

● **पूर्णबहादुर खड्का**
**उपसभापति, नेपाली कांग्रेस**



विगतमा बहुमतको प्रधानमन्त्रीले संसद् विघटन गर्दा त्यसलाई असंवैधानिक भन्दै मुद्दा हाल्ने र फैसला सुनाउनेहरू अहिले स्वयं विघटनतर्फ अग्रसर हुनु विडम्बनापूर्ण विषय हो

● **शंकर पोखरेल**
**महासचिव, नेकपा एमाले**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २८ भदौ

जेनजी आन्दोलनबाट भएको राजनीतिक परिवर्तनसँगै भागाभाग भएका पुराना राजनीतिक दल विस्तारै प्रतिवादमा सक्रिय हुन थालेका छन् । देशमा उत्पन्न पछिल्लो राजनीतिक घटनाक्रमपछि संसद् विघटनको विषयमा एक भएर अघि बढ्ने नेताहरूले तयारी थालेका हुन् ।

राष्ट्रपति रामचन्द्र पौडेल आन्दोलनकारीको माग सम्बोधन गर्दै संविधानलाई समेत जोगाएर बीच बाटोबाट उपाय खोज्ने क्रममा संसद् विघटन गर्ने निर्णय लिन बाध्य भए । 'संसद् बाहिरको व्यक्ति प्रधानमन्त्री बनाएर सोही प्रधानमन्त्रीको सिफारिसमा संसद् विघटन गर्ने' गरी भएको सहमतिअनुसार पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले प्रधानमन्त्रीको कार्याभर लिएसँगै संसद् विघटनको प्रस्ताव राष्ट्रपतिसमक्ष पेस गरेकी थिइन् । सो प्रस्ताव राष्ट्रपति पौडेलले स्वीकृत गरेपछि बिहीबार राति ११ बजेबाटै प्रतिनिधि सभा विघटन भएको थियो । संसद् विघटन संवैधानिक नभएको भन्दै आठ दलका प्रमुख सचेतक र सचेतकहरूले विज्ञप्ति सार्वजनिक गरेका छन् ।

तर राष्ट्रपति रामचन्द्र पौडेलले कठिन प्रयत्नपश्चात् शान्तिपूर्ण निकास निस्किएको बताएका छन् । संविधान र संसदीय प्रणाली बचेकोमा खुसी व्यक्त गर्दै पौडेलले विज्ञप्तिमार्फत भनेका छन् 'संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । ६ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन् ।' बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैंमा सम्हालिएर फागुन २१ मा चुनाव सम्पन्न गराउने काममा सहयोगका लागि उनले अपिल गरेका छन् । प्रमुख आठ राजनीतिक दलहरूले संयुक्त रूपमा संसद् विघटनको विरोध गर्दै तत्काल निर्णय फिर्ता लिन माग गरेका छन् ।

प्रतिनिधि सभा विघटनको निर्णय असंवैधानिक कदम भएको नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले बताए । 'संसद् विघटनको यो निर्णय संविधानको परिकल्पना र सम्मानित सर्वोच्च अदालतको व्याख्याविपरीत छ,' उनले भने, 'यो निर्णय संविधानसम्मत विल्कुल पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारका गल्तीलाई सच्याउने अवसर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ भदौ

वैदेशिक रोजगार व्यवसायीहरूले 'जेनजी पुस्ता'को त्याग र बलिदानपछि बनेको अन्तरिम सरकारले मुलुकको अर्थतन्त्रको मेरुदण्ड वैदेशिक रोजगारलाई थप व्यवस्थित गर्नुपर्नेमा जोड दिएका छन् ।

व्यवसायीहरूले आन्दोलनका कारण मुलुकले भौतिक रूपमा अत्यधिक क्षति व्यहोरेको अवस्थामा मुलुक निर्माणका लागि थप पुँजी आवश्यक भएकाले भएका गन्तव्यहरूलाई व्यवस्थित गर्दै अन्य आकर्षक गन्तव्यको खोजी गरिनुपर्ने सुझाव राखेका छन् ।

नेपाली अर्थतन्त्रमा रेमिट्यान्सको योगदानको हिस्सा ठुलो छ । नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण आप्रवाह १७ खर्ब २३ अर्ब २७ करोड पुगेको छ । गत वर्ष ८ लाख ३९ हजार २ सय ६६ जना नेपाली श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए ।

कतिपय वैदेशिक रोजगार व्यवसायीले अहिलेको समयलाई वैदेशिक रोजगार क्षेत्रमा विगतमा भएका गलत निर्णयहरूलाई सच्याएर दक्षिण एसियाली अन्य मुलुकमा अवलम्बन गरेर वैदेशिक रोजगार क्षेत्रमा कोर्स करेक्सनका रूपमा सदुपयोग गर्नुपर्ने माग समेत गरेक छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले रेमिट्यान्सबाट प्राप्त रकमले राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याएको भएपनि त्यसमा सुधार गर्न नयाँ सरकारले ध्यान दिनुपर्ने बताए ।

अध्यक्ष गुरुङले श्रमिक अधिकारको सुनिश्चितता र राम्रो तलब सुविधा भएका जापान तथा युरोपेली मुलुकको मागपत्र प्रमाणीकरणमा समस्या रहेको र नयाँ श्रम गन्तव्य खोजी हुन नसकेकाले वैदेशिक रोजगार क्षेत्र उकुसमुकुसको अवस्थामा रहेको बताए । उनले नयाँ सरकार र नयाँ मन्त्रीले यस क्षेत्र सुधारका लागि पाइपलाइनमा रहेका सेवा शुल्क परिमार्जनलगायतका कामहरूलाई टुंगोमा पुऱ्याएर नयाँ गन्तव्य पहिचान गरी नेपालमा रोजगारीको पर्याप्त अवसर नहुँदासम्म व्यवसायी र कामदार दुवैलाई सुरक्षित गर्ने कार्यक्रम ल्याउनुपर्ने बताए ।

संघका महासचिव महेशकुमार बस्नेतले हालको विषम परिस्थितिमा आन्तरिम सरकार गठनसँगै व्यवसायीहरूमा केही आशा पलाएको बताए । उनले वैदेशिक रोजगारले मुलुकको अर्थतन्त्रमा ठुलो योगदान दिएको क्षेत्र भएकाले यसलाई अझ व्यवस्थित, सुरक्षित र व्यवसायी अनुकूल बनाउन सरकारको नीतिगत निर्णय र ठोस पहल आवश्यक रहेको भन्दै नयाँ मन्त्री नियुक्त भएपछि वैदेशिक रोजगार क्षेत्रको व्यवस्थापनलाई प्राथमिकता दिने आम व्यवसायीको अपेक्षा रहेको उल्लेख गरे । उनले भने, 'नयाँ पृष्ठ २ मा

# शून्यमा परिणत भए ३० विधेयक

संसद् भवन र सिंहदरबारका कैयन महत्वपूर्ण दस्तावेज आगोले जलेर नष्ट भए । तर प्रतिनिधि सभा विघटन भएसँगै कानुन निर्माण प्रक्रियामा रहेका कतिपय विधेयक बिनाआगो खरानीजस्तै शून्यमा पुगेका छन् ।



प्रतिनिधि सभामा उत्पति भएका र राष्ट्रिय सभामा उत्पति भएर पारित भई प्रतिनिधि सभामा आएका विधेयक निष्क्रिय हुन्छन् ।

■ **एकराम गिरी**
**प्रवक्ता**
**संसद सचिवालय**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ भदौ

आगलागीले संसद् भवन र सिंहदरबारका कैयन महत्वपूर्ण दस्ताबेज जलेर नष्ट भए । तर कानुन निर्माण प्रक्रियामा रहेका कतिपय विधेयक बिनाआगो खरानीजस्तै शून्यमा पुगेका छन् । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार प्रतिनिधि सभा विघटन भएपछि प्रतिनिधि सभामा विचारधीन विधेयक निष्क्रिय हुन्छन् ।

उनी भन्छन्, 'प्रतिनिधि सभामा उत्पति भएका र राष्ट्रिय सभामा उत्पति भएर पारित भई प्रतिनिधि सभामा आएका विधेयक निष्क्रिय हुन्छन् ।' नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभा विघटन गरेका छन् । यससँगै प्रतिनिधि सभामा रहेका विधेयक निष्क्रिय भएका हुन् ।

यससम्बन्धी व्यवस्था संविधानको धारा १११ मा छ । संविधानको धारा १११ को उपधारा १० मा भनिएको छ, 'कुनै विधेयक प्रतिनिधि सभामा प्रस्तुत भई विचाराधीन रहेको वा प्रतिनिधि सभामा पारित भई राष्ट्रिय सभामा विचाराधीन रहेको अवस्थामा प्रतिनिधि सभा विघटन भएमा वा त्यसको कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ ।' संसद् सचिवालयका अनुसार प्रतिनिधि सभा विघटन भएपश्चात् निष्क्रिय हुन पुगेका विधेयकको संख्या ३० रहेको छ । जसमा प्रतिनिधि सभामा उत्पति भएका सरकारी २१ वटा विधेयक पृष्ठ २ मा

## प्रेस विज्ञप्ति


सर्वप्रथम परिवर्तनका लागि नयाँ पुस्ताका युवाहरूले गरेको संघर्षमा सहदात प्राप्त शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । यसै आन्दोलनमा मुलुकले व्यहोरेको अतुलनीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्न चाहन्छौं । अहिलेको अवस्थामा सबै मिलेर मुलुक बनाउनुपर्ने भएपनि प्रक्रियामा बसेका युवाहरू रोकिने अवस्था छैन । मुलुकको अर्थतन्त्रको धरोहर बनेको वैदेशिक रोजगार क्षेत्रलाई हलुका आंकलन गर्ने अवस्था पनि छैन । समस्या बुझेको, इमान्दार र कार्य क्षमता भएको व्यक्तिले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्व सम्हालेमा आन्तरिक रोजगारको सुनिश्चितता, बाध्यताले विदेशिने परिपाटीको अन्त्य र यो मुलुकमा पनि लगानी गर्दा बाँच्न सकिँदो रहेछ भन्ने विश्वास दिलाउन सक्ने अपेक्षा छ । यसअघिका नेतृत्वले गरेका राम्रा/नराम्रा कामको सही मूल्यांकन गर्नुपर्ने भएमा पनि कसैको दबाब र प्रभावमा नपरी जनतालाई प्रत्यक्ष राहत हुने गरी नीति आउने विश्वास लिएका छौं ।

**राजाराम गौतम**
**अध्यक्ष**
**नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ परिवार**
**तिनकुने काठमाडौं**

मध्यान्ह
www.madhyanhadaily.com
२९ भदौ २०८२ आइतबार
14 September 2025 Sunday

# पुनः कारागार फर्किए रवि

**काठमाडौं/मस–**राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पुनः ललितपुरको नख्खु कारागार फर्किएका छन् । जेनजी आन्दोलनका क्रममा आफूलाई कारागार प्रशासनले सुरक्षा दिन नसक्ने भन्दै पठाएको उनले दाबी गरेपनि विवादमा परेका थिए । उनले सार्वजनिक गरेको कारागारको पत्रमा धेरैले आशंका गरेका थिए । कारागार प्रशासनले पनि त्यस्तो कुनै पत्र आफूहरुले रविलाई नदिएको बताएको थियो ।



कैदी निस्कने होड चलेको भन्दै आलोचना

जेनजी आन्दोलनको नाममा रवि समर्थकले कारागारमा दबाब बढाएर निस्किएको र उनी निस्केपछि देशभरीका भएको थियो ।

रविले कारागार जानुअघि एक भिडिओ सन्देश जारी गर्दै न्यायकी प्रतिमूर्ति स्वयं प्रधानमन्त्री बनेकाले आफूमाथि अब अन्याय नहुने विश्वाससहित कारागार जान लागेको बताएका थिए ।

'पछिल्लो सरकारले म माथि चरम राजनीतिक प्रतिशोध साधेर मेरो जिना हराम गरेको थियो,'उनले भनेका छन्, 'आज यस देशको नेतृत्वमा न्यायकी प्रतिमूर्ति स्वयं प्रधानमन्त्री बन्नुभएको छ। अब चाहिँ अन्याय हुन्न भन्ने आशासहित म कारागार जाँदैछु ।'

यसैबीच रविले सुरक्षाको प्रत्याभूति गराउन कारागार समक्ष माग समेत गरेका छन् । कारागार प्रहरीले सुरुमा आनाकानी गरे पनि अहिले थप सुरक्षा व्यवस्थासहित उनलाई राख्ने पहल भएको बताएको छ ।

नख्खु कारागार सशस्त्र प्रहरीको सुरक्षा नियन्त्रणमा छ । रविले अहिलेको परिस्थितिमा सुरक्षा व्यवस्था अपर्याप्त भएको बताएका थिए ।

जिल्ला प्रहरी परिसर ललितपुरका एसएसपी श्यामकृष्ण अधिकारीका अनुसार रविको मागबारे कारागार सुरक्षामा तैनाथ सशस्त्र प्रहरीलाई पत्र लेखेर प्रहरीले ध्यानाकर्षण गराएको छ ।

# संविधानको दायराभित्रबाटै अगाडि बढ्न पत्रकार महासंघको आग्रह

**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले भ्रष्टाचार र बेथितिविरुद्ध 'जेनजी'ले उठाएका माग संविधानको दायराभित्रबाटै पूरा गरी उन्नत लोकतान्त्रिक अभ्यासमा अगाडि बढ्न आग्रह गरेको छ ।




महासंघले एक विज्ञप्ति जारी गर्दै 'जेनजी' आन्दोलनपछि मुलुकमा नयाँ राजनीतिक परिस्थिति निर्माण हुन पुगेको उल्लेख गर्दै सोही भावनाअनुसार संविधानभित्र रहेर अगाडि बढ्नुपर्नेमा जोड दिएको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'महासंघ लोकतन्त्र, संविधानवाद, विधिको शासन, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि निरन्तर वकालत गर्दै आएको नागरिक अगुवा संस्थाका रुपमा रहिआएको छ । यसर्थ हामी संविधानविरोधी कार्यको विरोध गर्दछौं ।'

# जनमत पार्टीले मधेश प्रदेशका मुख्यमन्त्री र मन्त्रीलाई फिर्ता बोलायो




संसदीय दलको कार्यालय
जनमत पार्टी

**धनुषा/मस–**जनमत पार्टीले मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेका मुख्यमन्त्रीसहित मन्त्रीहरूलाई फिर्ता बोलाएको छ ।

संसदीय दलका नेता महेशप्रसाद यादवले शनिबार विज्ञप्ति जारी गर्दै मुख्यमन्त्रीसहित मन्त्रीहरूलाई सरकारबाट फिर्ता बोलाएको जानकारी दिएका छन् । उक्त पार्टीबाट मुख्यमन्त्री सतिशकुमार सिंह, वन तथा वातावरणमन्त्री सञ्जय यादव र उद्योग वाणिज्य तथा पर्यटनमन्त्रीमा बसन्त कुशवाहा रहेका थिए ।

संसदीय दलका नेता यादवले सरकारबाट बाहिरिएको सम्बन्धी पत्र प्रदेश प्रमुखको कार्यालयमा पठाइएको जानकारी दिए ।

यही भदौ २३ र २४ गते 'जेनजी' आन्दोलनका क्रममा मुख्यमन्त्री सिंहले फेसबुकमै राजीनामा दिएका थिए, तर प्रदेश प्रमुखको कार्यालयमा लिखित राजीनामा दिएनन् । शनिबार केही सञ्चारमाध्यममा मुख्यमन्त्री सिंहले राजीनामा नदिने अडान लिएको भनी आलोचना भएको थियो ।

यहाँ जनमत पार्टी नेतृत्वको सरकारमा नेकपा (एमाले), नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सत्तासाझेदार छन् ।

## खरानी...

सकिने अवस्था छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र गृह मन्त्रालयमा भने शतप्रतिशत क्षति भएको छ । अर्थ मन्त्रालयको भुइँ तला, बाहिरको टहरा र गाडीहरूमा क्षति पुगेको छ । सिंहदरबारभित्र सग्लो संरचना भेट्न मुस्किल छ । तथापि खरानी टक्टक्याएर सिंहदरबारबाटै काम सुरु गर्ने तयारी अगाडि बढेको हो ।

जेनजीले गरेको आन्दोलनको दोस्रो दिन गत मंगलबार सिंहदरबार जलेको थियो । प्रदर्शनकारीको निसानामा सरकारी भवन र कार्यालय पर्दा सिंहदरबार कुरूप बन्न पुगेको छ । सिंहदरबार सफा गर्दै काम सुरु गर्ने र पुनर्निर्माण गर्ने योजना रहेको सरकारी कर्मचारी बताउँछन् ।

सर्वोच्च अदालतले पनि काम सुरु गर्दै छ । सर्वोच्च अदालतको भवन पनि पुरै जलेर खरानी भएको छ । यसका बाबजुत प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले अदालतको कामकारबाही सुरु गरेका हुन् ।

गत बिहीबार राउतले जलेकै भवनमा फुलकोर्टको बैठक राखेका थिए । आइतबारबाट सकिने काम गर्नेगरी इजलास राख्दै छन् । अर्थात् अदालत र सिंहदरबार यथाअवस्थामा सेवा सुरु गर्दै छन् ।

नयाँ सरकार बनेसँगै सिंहदरबारमा चहलपहल समेत सुरु भएको छ । मन्त्रालयहरूमा कर्मचारी जान थालेका छन् । सरसफाइलगायतको काम सुरु गरेका छन् ।

## संसद...

छैन । यो कदमले एकातर्फ लोकतान्त्रिक उपलब्धि धरापमा पारेको छ भने अर्कातर्फ जेनजी आन्दोलनको भावना र मर्मले मृत्यवरण गर्ने आशंका बढेको छ।'

शनिबार जारी विज्ञप्तिमा नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीका संसदीय दलका प्रमुख सचेतकहरूले हस्ताक्षर गरेका छन् । प्रतिनिधि सभा विघटन असंवैधानिक भएको उनीहरूको दाबी छ । 'भदौ २७ गते राति राष्ट्रपति कार्यालयबाट जारी भएको संसद् विघटनसम्बन्धी सूचना नेपालको संविधान, सर्वोच्च अदालतको नजिर र संवैधानिक परम्पराविपरीत छ,' उनीहरू भनेका छन् 'जननिर्वाचित संस्थामाथि प्रहार गरिएको यो कदम लोकतान्त्रिक मूल्यमान्यता र संवैधानिक सर्वोच्चतालाई कमजोर पार्ने कार्य भएको छ ।'

गत भदौ २३ र २४ गते काठमाडौंलगायत देशभर भएको जेनजी आन्दोलनबाट राज्यसत्ता कब्जा भएको थियो । सोही क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले सत्ता छाडेर नेपाली सेनाको सहयोगमा भागेका थिए । त्यस्तै, उनको मन्त्रिपरिषदका अधिकांश सदस्य, पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसहित शीर्ष नेताहरूको भागाभाग भएको थियो । पूर्वप्रधानमन्त्री समेत रहेका सत्ताको मुख्य सहयात्री दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणा भने घरमै लुकेर बसेका बेला आन्दोलनकारीले घाइते पारेका थिए ।

उनको उपचार भइरहेकाले अवस्था सामान्य रहेको पारिवारिक स्रोतले बताएको छ । आन्दोलमा मृत्यु हुनेको संख्या ५४ जना पुगेको छ । आन्दोलन क्रममा सिंहदरबार, सर्वोच्च अदालत, विशेष र जिल्ला अदालत, सरकारी वकिलको कार्यालय, प्रधानमन्त्री निवास, राष्ट्रपतिको कार्यालय र नेपाल प्रहरीका देशभरका सबै कार्यालय जलेर नष्ट भएका छन् । मुलुकको यो परिस्थिति निर्माण भएसँगै नेपाली सेनाले हात लिएको राज्यसत्तालाई सहज रूपमा हस्तान्तरण गरेको थियो ।

संविधान र कानुनी व्यवस्थाले नै समस्याको समाधान दिने अटल विश्वास रहेको भन्दै नेताहरूले संसद् विघटन उल्ट्याउन एकाकार भएका हुन् । त्यसैले प्रतिनिधि सभा विघटनको निर्णय तत्काल फिर्ता लिई संसदको बैठक बोलाउनुपर्ने उनीहरूको माग छ । 'नेपाली जनताको लामो संघर्ष र बलिदानीबाट स्थापित संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधानलाई कमजोर पार्ने कुनै पनि कदम स्वीकार्य नहुने स्पष्ट गरिएको छ । आन्दोलनरत समूहको मागसमेत संसदमार्फत सम्बोधन गर्नेगरी समाधान खोजिनुपर्छ,' वक्तव्यमा भनिएको छ ।

संसद् विघटनको विपक्षमा रहेका दलहरूले नवनिर्वाचित प्रधानमन्त्री सुशीला कार्कीलाई स्वीकार गरेको बताएका छन् । यद्यपि कार्कीले गरेको संसद् विघटनको पहिलो निर्णयलाई राष्ट्रपतिले सदर गरेको कुरालाई अस्वीकार गरेका हुन् ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले सामाजिक सञ्जालमार्फत प्रतिनिधिसभा विघटनको निर्णयप्रति असहमति जनाएका छन् । उनले भनेका छन्, 'विगतमा बहुमतको प्रधानमन्त्रीले संसद् विघटन गर्दा त्यसलाई असंवैधानिक भन्दै मुद्दा हाल्ने र फैसला सुनाउनेहरू अहिले स्वयं विघटनतर्फ अग्रसर हुनु विडम्बनापूर्ण विषय हो । त्यसतर्फ सतर्क रहौं ।'

संसद् विघटनको विपक्षमा वक्तव्य जारी गर्ने नेताहरूमा नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक श्यामकुमार घिमिरे, एमालेका महेश बर्तौला, माओवादी केन्द्रका हितराज पाण्डे, एकीकृत समाजवादीका मेटमणि चौधरी, लोकतान्त्रिक समाजवादी पार्टीका रामप्रकाश चौधरी, जनता समाजवादी पार्टीका प्रतिनिधि, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रन्जिता श्रेष्ठ र जनमत पार्टीकी प्रमुख सचेतक अनिता देवीको हस्ताक्षर रहेको छ । यसैबीच आठ दलले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । त्यस्तै, आन्दोलनका क्रममा भएको जनधनको क्षतिको छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन पनि माग गरिएको छ ।

## वैदेशिक...

सरकारसँग व्यवसायीहरूको हकहित र श्रमिकको अधिकार दुवै सुरक्षित गर्ने ठोस कदम चाल्ने अपेक्षा राख्दछौं ।'

संघका प्रमुख सल्लाहकार तथा पूर्वअध्यक्ष तिलकबहादुर रानाभाटले जेनजी पुस्ताले देशमा व्याप्त भ्रष्टचार र कुशासनका विरुद्ध दिएको बलिदानलाई आम वैदेशिक रोजगार व्यवसायीले आत्मसात गर्दै त्यसलाई उच्च मूल्यांकन गरी व्यवसायलाई रूपान्तरण गरी अघि बढाउनुपर्ने बताए ।

पूर्वअध्यक्ष रानाभाटले वैदेशिक रोजगार क्षेत्र हाल मुलुकलाई अपरिहार्य जस्तै भएको भन्दै वैदेशिक रोजगार क्षेत्रले जेनजीको आन्दोलनको मूलमर्म वैदेशिक रोजगार क्षेत्रमा रहेको बेथिति, बिचौलियाको हालीमुहाली र अपरादर्शी व्यवसाय सञ्चालनका विरुद्ध पनि हो भन्ने कुरा सबै व्यवसायीहरूले बुझ्न जरुरी रहेको बताए ।

अव्यवहारिक देखिएको वैदेशिक रोजगार ऐनलाई संशोधन गरी व्यवहारिक बनाई सोहीअनुसार पूर्ण रूपमा पारदर्शिता कायम गरेर व्यवसाय गर्ने वातावरण नयाँ सरकारले बनाउनुपर्ने पनि रानाभाटले माग गरे ।

संघका निवर्तमान सल्लाहकार तथा पूर्वअध्यक्ष राजेन्द्र भण्डारीले पनि जेनजीको आन्दोलनमा उठेका सकारात्मक मागलाई व्यवसायीहरूले आत्मसात गर्नुपर्ने र नयाँ सरकारले असुरक्षित रूपमा वैदेशिक रोजगारमा जाने प्रवृत्तिको अन्त्य गरी सीप सिकाएर सुरक्षित रूपमा पठाउने प्रबन्ध गर्नुपर्ने सुझाव दिए । उनले हाल केही क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा देखिएकाले त्यसको अन्त्य गर्न जरुरी रहेको र सधैंभरि वैदेशिक रोजगारमा कामदार पठाउने बाध्यताको अन्त्य गर्ने विषयमा पनि नयाँ सरकारले नयाँ तरिकाले सोच्नुपर्ने बताए ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलले व्यवसायीहरूले विगतमा खबौं रुपैयाँ रेमिट्यान्स भित्र्याएर मुलुकको अर्थतन्त्रलाई धानेको भन्दै २४ महिनादेखि रोकिएको युरोपेली मुलुकको मागपत्र प्रमाणीकरणमा परराष्ट्र मन्त्रालयको असहयोगी रवैयाको अन्त्य, व्यवसायीले आफ्नै खर्चमा निःशुल्क र सस्तो सेवामा श्रमिक पठाउँदा पनि सरकार र सर्वसाधारणले उचित सम्मान नगर्ने अवस्थाको अन्त्य गरिनुपर्ने बताए । उनले सेवा शुल्क अन्यायपूर्ण रहेकाले त्यसमा परिवर्तन, श्रम स्वीकृति, अनलाइन प्रणाली र नयाँ बजारमा पहुँचमा स्थिर नीति र सहज प्रक्रियाको सुनिश्चितता जस्ता विषयमा नयाँ सरकारसँग व्यवसायीहरूको अपेक्षा रहेको बताए ।

उनले भने, 'न्यायपूर्ण सेवा शुल्क व्यवसायीमैत्री वातावरणका साथै नयाँ बजारमा वैध रोजगारीको पहुँच, व्यावसायिक लगानीको कानुनी र व्यवहारिक संरक्षण पनि परिवर्तित सन्दर्भमा आम व्यवसायीको माग हो ।'

संघका निवर्तमान उपाध्यक्ष तथा मञ्चका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्री (कुमार)ले भदौ २३ र २४ गते भएको क्रान्तिको परिणाम स्वरूप नयाँ परिवर्तन भएको अवस्थामा देशले आर्थिक उन्नति, सामाजिक, भौतिक पूर्वाधार विकास र आन्तरिक रोजगार सिर्जना गर्ने विश्वास गरेपनि त्यसका लागि समय लाग्ने भएको र आन्तरिक रोजगारीका पर्याप्त अवसर नहुँदासम्म वैदेशिक रोजगार र विप्रेषण नै नेपाली अर्थतन्त्रको मेरुदण्ड बनिरहने विषयलाई नयाँ सरकारले बुझ्नैपर्ने बताए ।

उनले नयाँ राजनितिक परिवर्तनससँगै व्यवसायीले पनि अब नयाँ सोचका साथ व्यावसायिक शुद्धता, परिमार्जित वैदेशिक रोजगारको स्वरूप, अस्वस्थ प्रतिस्पर्धाको अन्त्य र व्यवस्थापकीय पक्षलाई ध्यानमा राख्न जरुरी रहेको बताए ।

व्यवसायी खत्रीले भने, 'वैदेशिक रोजगार क्षेत्रमा समयानुकूल सुधार नहुनुका पछाडि व्यवसायी मात्र जिम्वेवार नभई ठुलो जस्तो देखिने, तर सामान्य नीतिगत सुधार पनि भएकाले अव्यावहारिक ऐन कानुन र निर्णयमा सुधार नै परिवर्तनको प्रस्थान विन्दु हुने छ । परिवर्तित सरकारले अव्यवहारिक ऐन, कानुन र निर्णय परिमार्जन गरी लागत निर्धारण गरी सेवा शुल्क व्यवस्थापन गर्न अति जरुरी देखिन्छ । कार्यविधिका आधारमा मागपत्र प्रमाणीकरणमा सहजीकरण, वैदेशिक रोजगारमा गैर व्यवसायीको संलग्नता निस्तेज, भ्रष्टाचारमुक्त वैदेशिक रोजगार प्रशासनको सुनिश्चितता, गैरसरकारी संस्थाको बहकावमा नआई धरातलीय यथार्थलाई अध्ययन गरी भर्ना प्रक्रियाको सुनिश्चितता गरी वैदेशिक रोजगारमा जाने ९७ प्रतिशत जनशक्तिलाई न्याय हुने गरी नीति बनाइए सबैले चाहेजस्तो वैदेशिक रोजगार क्षेत्र व्यवस्थित, मर्यादित, पारदर्शी, सम्मानित व्यवसायका रूपमा स्थापित हुन सक्ने छ ।'

वैदेशिक रोजगार व्यवसायी नेवाः समाजका अध्यक्ष किसन प्रधानले मुलुक परिवर्तनको ऐतिहासिक मोडमा प्रवेश गरेको अनुभूति भएको अवस्थामा व्यवसायी विरोधी ऐन परिमार्जन, लागत निर्धारण र सेवा शुल्कलाई व्यवस्थित गरिनुपर्ने बताए ।

नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले मुलुकको अर्थतन्त्रको धरोहरका रूपमा रहेको वैदेशिक रोजगार क्षेत्रलाई हलुका आंकलन गर्ने प्रवृत्तिको अन्त्य गरी समस्या बुझेको, इमान्दार र कार्य क्षमता भएको व्यक्तिले मन्त्रालयको नेतृत्व लिएमा आन्तरिक रोजगारको सुनिश्चितता, बाध्यताले विदेशिने परिपाटीको अन्त्य र व्यवसायीको लगानी सुनिश्चत हुने आशा जागेको बताए । निवर्तमान नेतृत्वले गरेका कामको निरन्तरता दिँदै कसैको दबाब र प्रभावमा नपरी जनतालाई प्रत्यक्ष राहत हुने गरी कार्यक्रम आउने विश्वास पनि व्यवसायीले लिएको उनले बताए ।

## शून्यमा...

र गैरसरकारी दुईवटा विधेयक रहेका छन् । ४ मंसिर २०७९ मा सम्पन्न चुनावबाट आएको प्रतिनिधि सभामा उत्पति भएका जम्मा २३ वटा विधेयक निष्क्रिय भएका हुन् ।

राष्ट्रिय सभामा उत्पति भएका सातवटा विधेयक पनि निष्क्रिय भएका छन् । राष्ट्रिय सभामा उत्पति भएर पारित भएर प्रतिनिधि सभामा आएर रहेका कारण ती सातवटा विधेयक पनि निष्क्रिय हुन पुगेका हुन् ।

निष्क्रिय भएका विधेयक निजामती सेवासम्बन्धी विधेयक, विद्यालय शिक्षासम्बन्धी विधेयक, जलस्रोत विधेयक, नेपाल प्रहरी विधेयक, सशस्त्र प्रहरी विधेयकलगायत रहेका छन् । यी विधेयकहरू संघीयता कार्यान्वयनसँग समेत जोडिएका छन् । त्यसैले यी विधेयक निष्क्रिय भएसँगै संघीयता कार्यान्वयनको विषय अझ लम्बिन पुगेको छ ।

# पश्चिम नवलपरासीमा क्षति मूल्यांकन समिति गठन




**नवलपरासी/मस–** बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला प्रशासन कार्यालयले जेनजीद्वारा यही भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा भएको क्षति मूल्याङ्कन गर्न समिति गठन गरेको छ । प्रदर्शनका कारण जिल्लास्थित सरकारी, गैरसरकारी, सार्वजनिक तथा निजी सम्पत्तिमा भएको क्षतिको विवरण संकलन गर्न १३ सदस्यीय समिति गठन गरिएको नवलपरासीका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले जानकारी दिए ।

उनका अनुसार प्रदर्शनमा सार्वजनिक तथा निजी सम्पत्तिमा भएको क्षति मूल्यांकन गर्न सहायक प्रमुख जिल्ला अधिकारी पोषनराज भण्डारीको संयोजकत्वमा शनिबार क्षति मूल्यांकन समिति गठन गरेको हो ।

क्षति मूल्यांकन समितिमा सहायक प्रमुख जिल्ला भण्डारी, प्रहरी निरीक्षक पप्पुकुमार यादव, सहायक जिल्ला न्यायाधिवक्ता सुरेश यादव, कोष नियन्त्रक कार्यालयका तर्फबाट कैलाश राना, सडक पूर्वाधार विकास कार्यालयका इञ्जिनियर हितेन्द्र रायमाझी, जिल्ला प्रशासन कार्यालयका कम्प्युटर अपरेटर सुनिल दत्त कहाँर, रामग्राम नगरपालिकाका प्रशासकीय अधिकृत खेमराज ढकाल, सुनवल नगरपालिकाका अधिकृत पुरुषात्तम ढकाल, बर्दघाट नगरपालिकाका अधिकृत कृष्णबहादुर थापा, सुस्ता गाउँपालिकाका अधिकृत राजु सुवेदी, प्रतापपुर गाउँपालिकाका अधिकृत नन्दलाल कुम्हाल, सरावल गाउँपालिकाका अधिकृत ईश्वरी खनाल र पाल्हीनन्दन गाउँपालिकाका इञ्जिनियर उमेश शर्मा छन् ।

# मुस्ताङ भन्सारलाई व्यवस्थित गर्न आठ बुँदे निर्णय

**मुस्ताङ/मस–** मुस्ताङ भन्सार कार्यालयलाई व्यवस्थित तुल्याउन विभिन्न आठबुँदे निर्णय गरिएको छ ।




जिल्ला प्रशासन कार्यालय मुस्ताङमा शनिबार बसेको जिल्ला राजस्व चुहावट नियन्त्रण समन्वय समितिको बैठकले नेपाल-चीन उत्तरी कोरलानाकास्थित न्हेचुङमा अवस्थित मुस्ताङ भन्सार कार्यालयलाई थप व्यवस्थित गरी आयात/निर्यात सहज बनाउनेगरी उल्लिखित निर्णय गरिएको हो ।

आइतबारदेखि पूर्ण रूपमा सञ्चालनमा आएको नाकालाई थप व्यवस्थित गर्ने र नाकामा चोरी सिकारी, अवाञ्छित गतिविधि नियन्त्रण, सरसफाइ, पार्किङ र अनुगमनलगायत विभिन्न विषयवस्तुमा आवश्यक सहजीकरण गर्ने र भन्सारमैत्री तुल्याउने निर्णय भएको छ ।

यस्तै, नाकालाई व्यवस्थित, सुदृढ र प्रभावकारी तुल्याई अन्तरदेशीय व्यापारिक मार्गका रूपमा लैजान भन्सारले गर्ने मालवस्तुको आयात निर्यातका लागि सबै पक्षले जिम्मेवारीपूर्वक योगदान पुऱ्याउनेलगायत निर्णय गरिएको भन्सार कार्यालयले जनाएको छ ।

बैठकमा प्रजिअ विष्णुप्रसाद भुसाल, भन्सार अधिकृत रमेश खड्कालगायत सुरक्षाकर्मी, एक्याप, कोरला सडक आयोजनालगायत सरोकार भएकाहरूको सहभागिता रहेको थियो ।

# नवलपरासीका विद्यालय र कार्यालय सुचारु हुँदै

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २८ भदौ

जेनजी समूहको भदौ २४ गतेको प्रदर्शनपछि लागू गरिएको निषेधाज्ञा र कर्फ्यु आदेश नवलपरासी पश्चिममा आइतबार बिहान ६ बजेदेखि हटाइने भएको छ ।



जिल्ला प्रशासन कार्यालय, नवलपरासी पश्चिमका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीका अनुसार हालको शान्ति-सुरक्षाको अवस्था सामान्य रहेको मूल्यांकनपछि निषेधाज्ञा र कर्फ्यु हटाउने निर्णय गरिएको हो । उनले भने, 'विकसित घटनाक्रम र सुरक्षाको समीक्षा गर्दा अब निषेधाज्ञा आवश्यक छैन भन्ने ठहर गरिएको छ ।'

भदौ २४ गतेको घटनापछि सम्भावित अप्रिय घटना रोक्नका लागि प्रशासनले जिल्लाभर कडा सुरक्षा सतर्कतासहित निषेधाज्ञा र कर्फ्यु आदेश जारी गरेको थियो ।

यसैबीच, नवलपरासी प्याब्सनले सूचना जारी गर्दै आइतबारदेखि जिल्लाभरका विद्यालय सञ्चालन हुने जनाएको छ । लामो समयपछि विद्यालय खुल्ने भएकाले विद्यार्थी, शिक्षक र अभिभावकले पठन-पाठन सामान्य अवस्थामा फर्किने अपेक्षा व्यक्त गरेका छन् ।

त्यसैगरी पाल्हिनन्दन र सुस्ता गाउँपालिकाले विज्ञप्ति जारी गर्दै निषेधाज्ञा तथा कर्फ्यु आदेशका कारण स्थगित रहेका गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयलगायतका सेवा आइतबारदेखि सुचारु हुने जानकारी गराएका छन् ।

सुरक्षा निकायहरूले भने संवेदनशील स्थानहरूमा आवश्यक सतर्कता कायम राखिने बताएका छन्। प्रशासनले नागरिकलाई सामान्य जीवनयापनमा फर्किँदै गर्दा शान्ति-सुरक्षा कायम राख्न सहयोग गर्न अपिल गरेको छ ।



*अन्तरिम सरकार गठनसँगै काठमाडौं उपत्यकासहित देशभरको जनजीवन सामान्य बनेको छ । मंगलबारदेखि ठप्प रहेको सार्वजनिक सवारी साधनको आवागमन शनिबारदेखि खुला भएको छ ।*

## क्षतिग्रस्त स्वास्थ्य मन्त्रालय अस्थायी व्यवस्थापनका लागि ठाउँ खोज्दै

**काठमाडौं/मस-** जेनजी प्रदर्शनका क्रममा आगलागीका कारण स्वास्थ्य तथा जनसंख्या मन्त्रालय पूर्ण रुपमा ध्वस्त भएको छ । साथै मन्त्रालयले अस्थायी रूपमा आफूलाई व्यवस्थापन गर्न स्थान खोजिरहेको जनाएको छ ।

रामशाहपथस्थित मन्त्रालयको चारतले भवनसँगै त्यहाँ रहेका फर्निचर, महत्वपूर्ण कागज तथा फाइल, कम्प्युटरलगायत परिसरमा रहेको सवारीसाधन खरानी भएका छन् । भवन नहुँदा मन्त्रालयको काम कारबाहीमा प्रत्यक्ष असर परेको छ । हाल मन्त्रालयले क्षतिको विवरण लिने र मुचुल्का उठाउने काम गरिरहेको छ ।



मन्त्रालयका सचिव डा.विकास देवकोटाले हालसम्म घाइतेको उपचारमा केन्द्रित भएर समन्वयकारी भूमिका गरिरहेको र अस्पताललाई आवश्यक पर्ने सामग्री दिने तथा त्यहाँबाट प्रदर्शनमा घाइतेको जनकारी लिने काम गरिरहेको बताए । उनले भने,'भवनको सबै कोठा, सरसामान जलेर नष्ट भएको छ । कुनै पनि बाँकी छैन । त्यहाँ बाँकी रहेका सामान स्थान्तरण गर्ने कार्य सम्भव नै भएन ।'

सचिव देवकोटाले हाललाई मन्त्रालय पछाडि रहेको नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी)को भवनबाट आइतबारदेखि आंशिक रुपमा काम सुरु गर्ने योजना बनाएको जानकारी गराए । सामान्य तोडफोड भए पनि उक्त भवन भने जल्नबाट जोगिएको छ । उनका अनुसार सिंहदरबारमा ठाउँ मिल्यो भने पछि त्यहाँ मन्त्रालयलाई स्थान्तरण गर्ने विचार गरिएको छ ।

मुलुकले अन्तरिम सरकारको प्रधानमन्त्रीको रुपमा सुशीला कार्कीलाई पाइसकेको छ । मन्त्रीमण्डल विस्तार गर्ने तयारी हुँदैछ । स्वास्थ्यमन्त्री नियुक्त भएपछि कार्यकक्षका लागि मन्त्रालयसँग ठाउँ पनि छैन । सचिव देवकोटाले एनएचआरसीमा मन्त्रीलाई राख्न मिल्ने एउटा कोठा तयार गरेको बताए ।

'हामी कर्मचारीहरु त एउटा हलमा बसेर काम गरौंला । मन्त्रीका लागि त्यही रहेको एउटा कोठा तयार गरेका छौं । अहिलेलाई त्यहाँ काम गर्ने र सिंहदरबारभित्र ठाउँ पाउनका लागि पहल गरिरहेका छौं', उनले भने ।

मन्त्रालय परिसरमा रहेको स्वास्थ्य आपतकालीन तथा विपद् व्यवस्थापन एकाइ भने हाल वीर अस्पतालको एउटा भवनबाट सञ्चालन भइरहेको छ ।

'इमेलमा रहेका कागजपत्रलाई प्रिन्ट गरेर आवश्यकताअनुसार काम गर्ने । नयाँ नेतृत्व आएपछि उहाँको मार्ग निर्देशनपछि थप काम गर्ने विचार छ', डा. देवकोटाले भने ।

जेनजी आन्दोलन

## प्रधानमन्त्रीसमक्ष घाइतेले भने– 'हाम्रो योगदान खेर नजाओस्'

**काठमाडौं/मस-** नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले जेनजी आन्दोलनका घाइतेहरुसँग भेट गरेकी छन् । उनले शनिबार अपरान्ह राष्ट्रिय ट्रमा सेन्टर अस्पताल पुगेर त्यहाँ उपचार गराइरहेका घाइतेहरुसँग भेट गरेकी हुन् । भेटका क्रममा प्रधानमन्त्री कार्कीले घाइतेहरुको राम्रोसँग उपचार गर्न चिकित्सकहरुलाई निर्देशन दिएका सो अस्पतालका चिकित्सकहरुले बताएका छन् । जेनजी आन्दोलनका क्रममा ट्रमा सेन्टरमा मात्रै ८ जनाको मृत्यु भएको थियो । त्यसक्रममा नवनियुक्त प्रधानमन्त्री कार्कीले घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना पनि गरेकी छन् ।



सेन्टरका प्रमुख डा.बद्री रिजालका अनुसार सेन्टरमा भर्ना भएका ३६ जना घाइतेमध्ये छ जनाको सघन उपचार कक्षमा उपचार जारी छ । उनले दुई जनाको अवस्था गम्भीर रहेको जानकारी प्रधानमन्त्रीलाई गराएका थिए । प्रमुख डा.रिजालले प्रधानमन्त्रीलाई केही बिरामीको शल्यक्रिया गर्नुपर्ने तर गम्भीर चोटका कारण तत्काल शल्यक्रिया गर्न नसकिने जानकारी गराएको बताए ।

यस्तै प्रधानमन्त्री कार्की प्रदर्शनका घाइतेहरूलाई भेट्न सिभिल अस्पताल पुगेकी थिइन् । उनी शनिबार मीनभवनमा रहेको सिभिल अस्पताल पुगेकी हुन् ।

भेटमा उनले घाइतेको स्वास्थ्य अवस्थाबारे जानकारी लिएकी थिइन् । अस्पतालका कार्यकारी निर्देशक प्राडा मोहनचन्द्र रेग्मीले भने, 'प्रधानमन्त्रीले घाइतेको स्वास्थ्यस्थितिबारे जानकारी लिनुभयो । त्यसक्रममा उहाँहरूले आफ्नो स्वास्थ्यबारे प्रधानमन्त्रीलाई जानकारी गराउँदै आफूले देशका लागि दिएको बलिदान खेर नजाओस्, प्रधानमन्त्रीले देशलाई निकास दिनुपर्छ । पुनःअर्को पुस्ताले आन्दोलन गर्नु नपरोस् ।' प्रधानमन्त्री कार्कीले मुलुकको अवस्था परिवर्तन गर्न हरसम्भवन प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गरिन् । कार्यकारी निर्देशक रेग्मीका अनुसार गत सोमबार यता चार सय ५७ घाइते अस्पताल पुगेकामा ४४ जनालाई अन्यत्र 'रेफर' गरिएको थियो । तीन सय ६४ जना उपचारपछि घर फर्किसकेका छन् । अस्पताल भर्ना भएका ४९ मध्ये ११ जना हाल उपचाररत छन् । गम्भीर घाइते एक जनाको सघन उपचार कक्षमा उपचार भइरहेको छभने ४५ जनाको शल्यक्रिया तथा सात जनाको पुनः शल्यक्रिया गरिएको छ । निजामती अस्पतालमा उपचारका क्रममा छ जनाको मृत्यु भएको थियो ।

यस्तै प्रधानमन्त्री कार्कीले आगजनी भएको कोटेश्वरस्थित प्रहरी चौकी र महाराजगञ्जको प्रहरी वृत्तको पनि निरीक्षण गरेकी छन् । प्रदर्शनकारीहरुको आगजनीमा कोटेश्वरमा केही प्रहरीको मृत्यु भएको थियो । जेनजी आन्दोलनमा अहिलेसम्म ५१ जनाको ज्यान गएको छ । सयौं घाइतेहरूको अस्पतालमा उपचार भइरहेको छ ।

## बेनीमा मौलिक सम्पदाको संरक्षण

**म्याग्दी/मस-** म्याग्दीको सदरमुकाम बेनी बजारमा मौलिक सम्पदाको निर्माण र पुनर्निर्माण भएको छ ।

बेनी नगरपालिका र समुदायको पहलमा बेनीलाई मौलिक सांस्कृतिक बजारको रूपमा विकास गर्न पुराना सम्पदाको संरक्षण, पुनर्निर्माणका साथै नयाँ सार्वजनिक संरचना निर्माणका क्रममा मौलिकतालाई जोड दिइएको हो ।



म्याग्दी र कालीगण्डकी नदीको दोभानमा रहेको बेनी बजार नगरपालिकाको ७ र ८ नम्बर वडामा पर्छ । नगर प्रमुख सुरत केसीले मुस्ताङ जाने आउने पर्यटकलाई बेनीमा भुलाउने र बसाइँ लम्बाएर स्थानीय आर्थिक गतिविधि बढाउने उद्देश्यले धार्मिक, सांस्कृतिक, ऐतिहासिक र मौलिकताको सम्वर्द्धन तथा प्रवर्द्धनमा जुटेको बताए ।

उनका अनुसार कालीगण्डकीको सभ्यता बचाउन र प्रदूषण नियन्त्रणका लागि दोभानमा शवदाहस्थल निर्माण भएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा विनियोजन भएको रु ६० लाख बजेटबाट शवदाहस्थललाई व्यवस्थित र सुरक्षित बनाउन भौतिक संरचना निर्माण भएको हो ।

धार्मिकस्थल गलेश्वर बजारभित्रको सडकको सौन्दर्यकरण गर्नका लागि गत वर्षदेखि सुरु भएको सडकमा स्लेट ढुंगा बिछ्याउने योजनालाई यस वर्ष पनि निरन्तरता दिएको छ । गत आवमा १०६ मिटर स्लेट बिछ्याइएको थियो ।

नयाँ आवका लागि नगरपालिकाले रु ३० लाख विनियोजन गरेको योजनाका लागि गलेश्वर शिवालय क्षेत्र विकास कोषले पनि साथ दिने बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले बताए ।

बेनीको पुस्तकालय चोकमा रु १३ लाख खर्चेर जमघट र विश्रामस्थलका लागि भक्तपुरे इँटा र बुट्टा कुदेको काठ प्रयोग गरेर नेवारी वास्तुकला शैलीको प्रतीक्षालय (फाल्चा) निर्माण भएको छ । यस वर्ष आँखीझ्याललगायतका संरचना बनाएर फाल्चा निर्माणलाई पूर्णताः दिने बेनी नगरपालिका-७ का वडाध्यक्ष रमेश श्रेष्ठले बताए ।

चोकमा खाली रहेको सार्वजनिक ठाउँको सदुपयोग गरेर निर्माण भएको फाल्चाबाट स्थानीयवासी, यात्रुहरूलाई विश्रामका लागि सहजका लागि बजारको आकर्षण थपेको छ । यसअघि बेनी नगरपालिकाको वडा नम्बर ७ मा रहेका पुराना चौतारीहरूको मर्मत र व्यवस्थापन भएको थियो ।

बेनी नगरपालिका-८ गणेशटोलमा रहेको २०० वर्ष पुरानो गणेश मन्दिर यसै वर्ष पुनर्निर्माण भएको छ । बेनी नगरपालिकाको रु छ लाख बजेट र गुठीयारहरूको करिब रु १४ लाख लगानीमा मौलिक शैलीमा पुनर्निर्माण गरिएको वडाध्यक्ष उत्तम कर्माचार्यले बताए । पुरानो मन्दिरलाई भत्काएर भक्तपुरे इँटा र बुट्टे काठको प्रयोग गरेर निर्माण भएको मन्दिरको छानामा पित्तलको जलप लगाइएको छ ।

यसअघि बेनी नगरपालिका-८ स्थित ऐतिहासिक कोतघरको भक्तपुरबाट इँटा, काठ र मजदुर ल्याएर कोतघर पुनर्निर्माण गरिएको थियो ।

## महाकाली अस्पतालमा 'सिटी स्क्यान' सेवा थपियो

**कञ्चनपुर/मस-** महेन्द्रनगर स्थित महाकाली प्रादेशिक अस्पतालमा सिटी स्क्यान सेवा थपिएको छ ।

अस्पतालले ६४ स्लाइसको 'सिटी स्क्यान' सेवा थप गरेर आगामी सातादेखि सेवा सुरु गर्ने तयारी गरेको महाकाली प्रादेशीक अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन अर्जुन भट्टले जानकारी दिए । '६४ स्लाइसको सिटी स्क्यान मेसिन अस्पतालमा पुगेर जडानकार्य अन्तिम चरणमा छ' उनले भने, 'अर्को हप्तादेखि सेवा सुचारु गर्ने गरी तयारीमा लागेका छौं ।' अस्पतालले सिटी स्क्यान जडानका लागि गत फागुनमा बालाजी सर्जिकल सप्लायर्ससँग तीन करोड ८३ लाख ५५ हजार ५ सय ६० रुपयाँमा सम्झौता गरेको थियो । अस्पतालमा सीटी स्क्यान सेवा सुरु भएपछि यहाँका बिरामीले उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता हट्ने उनले बताए ।




विगतको तुलनामा अस्पतालले विशेषज्ञ सहितको सेवामा सुधार गर्दै गएको अस्पताल व्यवस्थापन समितिका निर्वतमान अध्यक्ष कृष्णानन्द भट्टले जानकारी दिए । 'विगतको तुलनामा यहाँबाट सेवा लिने विरामीको संख्या बढेको छ' उनले भने, 'यहाँको मुख्य आवश्यकता भनेको सीटी स्क्यान थियो त्यो सेवा पनि सुचारु हुने अवस्थामा छ यसले यहाँका विरामीहरूलाई ठुलो राहत पुगाउँछ ।' उनले अस्पतालमा अहिले एउटै विभागमा दुई/तीन जना विशेषज्ञ चिकित्सकले सेवा दिइरहेकाले सेवाग्राहीलाई उपचारमा सजिलोभएको बताए । 'अहिले विशेषज्ञ चिकित्सक सेवा थपिदै गएको सरकारले त्यहि अनुसारको भौतिक पूर्वाधार र स्वाथ्य उपकरण पनि थपिदै गएका छन' उनले भने, 'अब कुनै पनि विरामीले यहाँबाट अन्यत्र रिफर हुनुपर्दैन ।' रिफर सेन्टरका रूपमा परिचित महाकाली अस्पतालले पछिल्लो समय २३ जना विशेषज्ञ चिकित्सकसहितको सेवा दिन थालेको छ ।

अस्पतालमा मेडिसिन विभाग, हाडजोर्नी विभाग, सर्जरी विभाग, स्त्री तथा प्रसुती रोग विभाग, रेडीयोलोजी, एनेस्थेसियोलोजी र मानसिक रोग विशेषज्ञ सेवा थपिएको हो । अस्पतालमा २८ जना विशेषज्ञ चिकित्सकको दरबन्दी रहेको भएपनि अहिले एक जना मात्रै दरबन्दीमा कार्यरत छन । अन्य विशेषज्ञ चिकित्सक छात्रवृत्ति करार र अस्पताल व्यवस्थापन समितिबाट करारमा सेवा दिँदै आएका छन । 'अस्पतालमा सीटी स्क्यान सेवा नहुँदा यहाँबाट दैनिक ८/१० जना विरामी अन्यत्र रिफर हुने गरेका थिए अब त्यो समस्या हट्ने भएको छ ।' यहाँका स्थानीय इन्द्र साउँदले भने, 'अब घर नजिकै सहुलियत शुल्कमा यहाँका स्थानीयले सीटी स्क्यान लगायतको विशेषज्ञ सेवा पाउनेछन ।' २०२० सालमा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्थापना भएको अस्पताल २०३१ मा २५ शय्याको जिल्ला अस्पतालमा परिणत भएको थियो । जिल्ला अस्पतालबाट स्तरोन्ती हुर्दै २०४३ सालमा ५० शय्याको अञ्चल अस्पताल (रेफरल सेन्टर) को रूपमा परिणत भयो । मुलुकमा संघीयतापछि प्रादेशीक अस्पतालका रूपमा स्तरोन्नती भएपछि भने अस्पतालले विशेषज्ञ सेवा दिन थालेको हो । अस्पतालमा स्वीकृत स्थायी दरबन्दी अनुसार एघार तहका विशेषज्ञ चिकित्सक चार जना र नवौ र दश तहका विशेषज्ञ चिकित्सक १६ जनाको दरबन्दी छ । अहिले अस्पतालमा मेडिसिन विभागमा चार जना, हाडजोर्नी विशेषज्ञ तीन जना, स्त्री रोग विशेषज्ञ तीन जना, बालरोग विशेषज्ञ दुई जना, नाक कान घाँटी विशेषज्ञ दुई जना, एनेस्थेसियोलोजिस्ट दुई जना, सर्जरी विशेषज्ञ तीन जना र रेडियोलोजिस्ट दुई जना कार्यरत छन । त्यसैगरि एक जना मानसिक रोग विषेशज्ञ कार्यरत छन । अस्पतालमा, जनरल फिजिसियन, प्याथोलोजिस्ट,डर्माटोलोजिस्ट विशेषज्ञ चिकित्सको दरबन्दी भएपनि हालसम्म दरबन्दी अनुसारका चिकित्सकहरू उपलब्ध हुन सकेका छैनन ।

## तीन सय बढी सार्वजनिक सवारीसाधन उपत्यकाबाट बाहिरिए

**काठमाडौं/मस-** काठमाडौंको गोँगबुस्थित नयाँबसपार्कबाट ३ सय भन्दा बढी सार्वजनिक सवारीसाधन उपत्यकाबाट बाहिरिएका छन् । 'जेनजी'को प्रदर्शनका कारण पाँच दिनदेखि बन्द रहेको सार्वजनिक यातायात सञ्चालनमा आएसँगै शनिबार नयाँबसपार्कबाट ३ सय बढी सवारीसाधन बाहिरिएका हुन् ।

नयाँबसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिका महाप्रबन्धक सुनिल कुँवरले शनिबार बिहानदेखि ३ सय भन्दा बढी सार्वजनिक सवारीसाधन यात्रु लिएर नयाँबसपार्कबाट बाहिरिएका जानकारी दिए ।



'यही भदौ २३ र २४ गते भएको जेनजीको प्रदर्शनका कारण यातायात बन्द हुँदा काठमाडौंमा रहेका यात्रुहरू सार्वजनिक यातायातका साधनमार्फत गन्तव्यस्थलतर्फ जान थालेका छन । उनले भने । शनिबार बिहानदेखि काठमाडौंको कर्फ्यू हटाइएकाले जनजीवन सामान्य बनेसँगै यात्रुवाहक सवारीसाधन सञ्चालन हुन थालेका उनको भनाइ छ ।

उनले दसैंसमेत सुरु हुन लागेकाले नयाँबसपार्कमा अरू समयको तुलनामा यात्रुहरूको घुइँचो लाग्न थालेको बताए ।

## कृषिजन्य उत्पादन आपूर्ति तथा ढुवानी सहज बनाउन अनुरोध

**काठमाडौं/मस-** कृषि विभागले कृषिजन्य उत्पादन सहज रूपमा आपूर्ति तथा ढुवानीको व्यवस्था मिलाउन सम्बन्धित पक्षसँग अनुरोध गरेको छ ।

मुलुक विषम परिस्थितिबाट गुज्रिरहेका बेला मागअनुसार खाद्यान्नलगायत कृषि उपजको आपूर्तिलाई शृंखलालाई खल्बलिन नदिनेतर्फ सचेत रहन अनुरोध गर्दै विभागले शनिबार एक विज्ञप्ति निकालेर कृषि उद्यमी, कृषि व्यवसायी तथा किसानलाई सहयोग गर्न भनेको हो ।




विभागका महानिर्देशक प्रकाशकुमार सन्जेलका अनुसार सागसब्जी, बीउबेर्नालगायत उत्पादन आपूर्ति तथा ढुवानीमा समस्या भएको गुनासो आएकाले आपूर्ति शृंखलामा असर हुने गतिविधि नगर्न आग्रह गरिएको हो ।

मध्यान्ह
www.madhyanhadaily.com
२९ भदौ २०८२ आइतबार
14 September 2025 Sunday

सम्पादकीय

## अन्तरिम सरकारका चार कार्यभार

जेनजी विद्रोहपछिको अन्यौलका बीच राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको छिद्र खोज्दै अन्तरिम सरकार गठन गरेका छन् । पूर्वप्रधान न्यायाधीश सुशीला कार्की आउँदो फागुनमा आमचुनाव गर्नेगरी पहिलो महिला प्रधानमन्त्रीको सपथ लिएसँगै जनजीवन सामान्य बन्दै गएको छ । सँगसँगै, आन्दोलनकारीहरूको माग सम्बोधन गर्नेक्रममा प्रधानमन्त्री कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले प्रतिनिधिसभाको विघटन गरेपछि संसद्का आठ दलहरूले आपत्ति जनाएका छन् । प्रधानमन्त्रीमा कार्कीको नियुक्ति र संसद् विघटन संविधानसम्मत नभएकोभन्दै न्यायालय गुहार्ने तयारी पनि हुँदैछ । यस्तोमा आन्दोलनरत पक्षको माग दलहरूसँग समन्वय र विद्यमान शान्ति सुरक्षा सम्हाल्ने जिम्मेवारी कार्कीको काँधमा आइपुगेको छ ।

अन्तरिम सरकार संविधानको कुनै प्रष्ट धाराबाट गठन भएको होइन् । मुलुकको अप्ठेरो परिस्थितिमा थप राजनीतिक तथा संवैधानिक संकट आउन नदिन तत्कालका लागि खोलिएको बाटो मात्र हो । प्रक्रियामा असहमति रहे पनि कार्कीको नियुक्तिप्रति संसद्का मुख्य दलहरू खासै नकारात्मक छैनन । पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा गठन गरिएकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समर्थन प्राप्त गर्न सहज पनि छ । त्यसैले आफ्नो मुख्य कार्यभारमै प्रधानमन्त्री कार्कीको अर्जुनदृष्टि हुनुपर्छ ।

देशको संकटकालीन परिस्थितिमा सत्ताको बागडोर सम्हाल्न आएकी पूर्वन्यायमूर्ति कार्की नेतृत्वको सरकारले गर्नुपर्ने मुख्यतः चार कार्यभार देखिन्छ । पहिलो, आन्दोलनकारी शक्ति जेनजी पुस्ताका मागहरू सम्बोधन गर्नु यो सरकारको प्रमुख कार्यभार हो । आन्दोलनमा भएको बर्बर दमनको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्नुपर्छ । दोस्रो काम, शान्ति सुरक्षा र कानुनी व्यवस्थामा मुलुकलाई फर्काउने हो । चार दिनदेखिको कर्फ्यू र निषेधाज्ञा हटेर जनजीवन सामान्य बन्दै गइरहेको छ । तर, यसबीचमा भएका हिंसा, आगजनी र लुटपाटका दोषीलाई कानुनी दायरामा ल्याउनु अन्तरिम सरकारको दायित्व हुनेछ । तेस्रो, जेनजी आन्दोलनभित्र भएको अदृश्य घुसपैठले अगुवाले नचाहँदा–नचाहँदै पनि सिंहदरबार, संसद् भवन, सर्बोच्च अदालत, शीतल निवासलगायत राष्ट्रिय जीवनका महत्वपूर्ण अंगमाथि ठूलो आक्रमण भएको छ । एक हिसाबले खरानी पन्छाएर परिस्थितिलाई सम्हाल्नुपर्ने स्थिति छ । त्यसका लागि राष्ट्रिय एकता र मेलमिलापको भावना अभिबृद्धि गर्नु अन्तरिम सरकारको दायित्व बनेको छ । चौथो, राजनीतिक दल, बैकल्पिक शक्तिहरू र जेनजी पुस्ताका अगुवाहरूबीच समन्वय गरेर लिकबाहिर पुगेको राजनीतिलाई लिकमा फर्काउनु अन्तरिम सरकारको कर्तव्य हो । त्यसका लागि तोकिएकै समयमा आमचुनाव गराएर जननिर्वाचित जनप्रतिनिधिलाई शासनसत्ता फर्काउनु पर्ने छ । यी चार कार्यभार पूरा गर्नसक्दा मात्र अन्तरिम सरकारको औचित्य पुष्टि हुनेछ । नियुक्तिमा संबैधानिक प्रश्न उठ्दा पनि इतिहासमै पहिलोपल्ट महिला प्रधानमन्त्री प्राप्त गरेकोमा नेपाली समाजमा नयाँ उत्साह जागृत भएको छ । यो उत्साह र आमअपेक्षालाई प्रधानमन्त्री कार्कीले इमान्दारितापूर्वक पूरा गर्नुपर्ने छ । अहिले उठाइएका प्रश्नको जवाफ उनले ऐतिहासिक दायित्व निर्बाह गरेर दिनुपर्ने छ, त्यसअर्थमा यो उनका लागि अग्निपरीक्षा पनि हो ।

# जेनजी आन्दोलन : भ्रष्टाचारविरुद्धको हुंकार

*जेनजी आन्दोलन केवल असन्तोषको विस्फोट मात्र होइन, नेपालको राजनीतिक संस्कृति परिवर्तनको चेतावनी हो । यसले सरकारलाई जवाफदेही र उत्तरदायी बनाउन दबाव सिर्जना गरेको छ ।*

अग्रलेख



● आर.सी. कोइराला

नेपालमा हालै सम्पन्न भएको जेनजी आन्दोलन नेपाली राजनीति र समाजमा एउटा महत्वपूर्ण मोडको रूपमा आएको छ । यो आन्दोलन मुख्यतः युवापुस्ताले अगुवाइ गरेको हो, जसको मूल उद्देश्य भ्रष्ट्राचारको अन्त्य, पारदर्शी शासन र प्रभावकारी सुसासन सुनिश्चित गर्नु हो । जेनजी आन्दोलनले नेपालको राजनीतिक, सामाजिक र कूटनीतिक दिशाबारे गम्भीर प्रश्न खडा गरेको छ । भ्रष्ट्राचारविरुद्धको हुंकार र सुशासनको मागले नेपाली जनमानसमा नयाँ चेतना जगाएको छ ।

यो आन्दोलन केवल असन्तोषको विस्फोट मात्र होइन, नेपालको राजनीतिक संस्कृति परिवर्तनको चेतावनी हो । यसले सरकारलाई जवाफदेही र उत्तरदायी बनाउन दबाव सिर्जना गरेको छ । यद्यपि, तत्कालीन क्षति पीडादायी छ, दीर्घकालीन दृष्टिले यसले नेपाली लोकतन्त्रलाई अझ सबल, पारदर्शी र युवा-मैत्री बनाउने संकेत देखाएको छ । शासन सम्हाल्ने एक व्यक्तिको अहंकारका कारण कुनै देश कसरी बर्बाद हुन्छ भन्ने अब अहिलेको पुस्ताले इतिहास पढ्न आवश्यक छैन- नेपालमा भदौ २३ र २४ गते दुई दिनमै सबै शासकीय संरचना ध्वस्त भएका छन् । नेपाल राज्यका तीन अंग- कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका भौतिक संरचना जलेर नष्ट भएका छन् । नेपालका इतिहासदेखि संचित सबै शासकीय अभिलेखहरू धुवाँ बनेर उडेका छन् ।

### आन्दोलनको पृष्ठभूमि र स्वरूप

नेपालमा दशकौँदेखि राजनीतिक अस्थिरता, सत्ता-स्वार्थमा आधारित गठबन्धन, र सार्वजनिक स्रोतको दुरुपयोगले नागरिकहरूमा गहिरो असन्तोष बढाउँदै आएको थियो । विशेषगरी जेनजी पुस्ता जसले लोकतन्त्रको उपज देखेको तर यसको प्रतिफल वास्तविक जीवनमा महसुस गर्न नसकेको अनुभूति गरेको थियो, अन्ततः सडकमा उत्रिन बाध्य भयो ।

युवापुस्ताले नेतृत्व गरेको यस आन्दोलनले पारदर्शिता, जवाफदेहिता र सशक्त शासन व्यवस्थाको माग गऱ्यो । शासकीय संरचनामा वर्षौंदेखि हालीमुहाली गर्ने नेताहरूलाई आन्दोलनकारीले मुख्य निशाना बनाएर आक्रमण गरेका थिए । यसका कारण धेरै नेताहरू घाइते समेत भएका छन् । यो आन्दोलन निर्माण गर्न डिजिटल प्लेटफर्म र सामाजिक सञ्जालको व्यापक प्रयोग भयो । स्वतःस्फूर्त रूपमा हजारौँ युवाहरू सडकमा उत्रिए । आन्दोलनकारीहरूले भ्रष्ट्राचारविरुद्ध शक्तिशाली आवाज उठाउँदै राष्ट्रिय एजेन्डा निर्माण गरे । यी घटनाहरूले केवल आन्दोलनलाई होइन, राज्यको विश्वसनीयतालाई समेत चुनौती दिएका छन् ।

सरकारले प्रारम्भमा आन्दोलनलाई सामान्य असन्तोषका रूपमा लिएको देखियो । तर आन्दोलनले व्यापक जनसमर्थन पाउन थालेपछि सरकारले केही हदसम्म संवाद र आश्वासन दिने प्रयास गऱ्यो । यद्यपि केही स्थानमा अनावश्यक बल प्रयोग, धरपकड र गोली चलाउने अधिकार प्रत्यायोजनले आन्दोलन झन उग्र बन्यो । सरकारले युवा शक्तिको आँकलन गर्न नसक्नु अर्को दुर्भाग्य बन्यो । कतिपय सत्ताधारी मन्त्री, पूर्वमन्त्री तथा सभासदहरूको घरबाट नगद रकम र बहुमूल्य धातु फेला परेपछि आन्दोलन अझ भावनात्मक र व्यापक बन्दै गयो ।



आन्दोलनका क्रममा केही अमूल्य मानव जीवनको क्षति, सयौँ घाइते, र सार्वजनिक सम्पत्तिमा नोक्सानी भएको तथ्यहरू उजागर भएका छन् । ५० जनाभन्दा बढीको मृत्यु भएको पुष्टि भइसकेको छ भने ४०० भन्दा बढी विभिन्न अस्पतालहरूमा उपचाररत छन् । यो क्षति राज्यको दमन र आन्दोलनको तीव्रता दुवै कारणले भएको देखिन्छ । मृतक र घाइतेहरूलाई न्याय र उचित क्षतिपूर्तिको माग अझै पनि प्रमुख एजेन्डा बनेको छ ।

### सम्भावित भविष्यको राजनीति

जेनजी आन्दोलनले नेपाली राजनीतिमा केही महत्वपूर्ण संकेतहरू दिएको छ । यसले पुरानो पुस्ताको निराशाजनक शासनशैलीले युवाहरूमा वैकल्पिक नेतृत्वप्रतिको आस्था बढाएको छ । अब युवा पुस्ता केवल मतदाता मात्र नभई नीतिनिर्माणमा प्रत्यक्ष भूमिका खोज्नेछन् भन्ने देखाएको छ । यसले पारदर्शिता, जवाफदेहिता र डिजिटलाइजेशनमार्फत राज्य संयन्त्र सुधार्नुपर्ने माग तीव्र भएको छ । परम्परागत दलहरूले जनताको आवाज नसुनेमा जेनजी बाट नयाँ राजनीतिक शक्ति उदाउने सम्भावना बलियो देखिन्छ ।

यद्यपि, नेपाल भूराजनीतिक दृष्टिले संवेदनशील क्षेत्रमा पर्दछ, जसका कारण विदेशी शक्तिहरू सक्रिय हुने सम्भावना उच्च रहन्छ । छिमेकी मुलुकहरू (भारत र चीन)ले आफ्ना रणनीतिक स्वार्थअनुसार हस्तक्षेप गर्न सक्ने जोखिम छ । पाश्चात्य मुलुकहरू र अन्तर्राष्ट्रिय निकायहरूले लोकतन्त्र, मानवअधिकार र सुशासनको नाममा आफ्नो प्रभाव जमाउने प्रयास गर्न सक्छन् । यदि आन्तरिक राजनीति कमजोर र विभाजित रह्यो भने विदेशी चलखेल अझ बढ्ने निश्चित छ ।

> *जेनजी आन्दोलनले पुराना राजनीतिक संरचनालाई चुनौती दिएको छ र भावी नेपालको रूपरेखा युवा पुस्ताको हातमा सुम्पिएको छ ।*

जसमा नेपालको भविष्य केवल राजनीतिक नेतामाथि निर्भर छैन । सम्पूर्ण नेपाली समाजको सचेत भूमिका अत्यावश्यक छ । युवाको जागरणलाई निरन्तरता आन्दोलनलाई अल्पकालीन भावनामा सीमित नगरी दीर्घकालीन सुधारमा रूपान्तरण गर्नुपर्ने आवश्यकता छ । भ्रष्टाचार र अनियमितताविरुद्ध निरन्तर दबाब सिर्जना गर्न नागरिक समाज, मिडिया र सरोकारवालाहरूले सक्रिय भूमिका खेल्नुपर्छ । विभाजनकारी राजनीति र विदेशी हस्तक्षेपबाट देशलाई बचाउन सबै नेपाली एकजुट हुनुपर्छ । कर्मचारीतन्त्र, न्यायपालिका, प्रहरी, शिक्षा, स्वास्थ्य जस्ता संवैधानिक तथा सार्वजनिक संस्थाहरूलाई स्वतन्त्र, पारदर्शी र जवाफदेही बनाउन निरन्तर दबाब आवश्यक छ ।

### निष्कर्षमा

जेनजी आन्दोलन केवल असन्तोषको विस्फोट होइन, नेपालको राजनीतिक यात्राको नयाँ सुरुवात हो । यसले पुराना राजनीतिक संरचनालाई चुनौती दिएको छ र भावी नेपालको रुपरेखा युवा पुस्ताको हातमा सुम्पिएको छ । विदेशी चलखेलको सम्भावना रहँदाहुँदै पनि, सम्पूर्ण नेपाली एकजुट भएर राष्ट्रहितमा अग्रसर भए आत्मनिर्भर, पारदर्शी र जवाफदेही लोकतान्त्रिक नेपाल निर्माण सम्भव छ ।

## सामाजिक सञ्जाल



**रञ्जित तामाङ**

एमाले नेताहरूको धारणा हेर्दा प्रायश्चित भन्ने कुरा एक थोपा देखिँदैन । यो विध्वंसको बीउ एमालेको नहोला तर विध्वंसको बीउलाई उम्रिएर हुर्किन जमिन दिने जमिनदार त एमाले हो नि ! रावणको अहंकारले सुनको लंका खरानी भयो कि भएन थाहा छैन । तर, एमालेको अहंकारले नेपाल खरानी बनेको सत्य हो ।



**गोकुल बाँस्कोटा**

प्रयोगशालाभन्दा फरक नभएपछि पुरानाले, नयाँले, झन् नयाँले र महानयाँले अन्तिममा आफ्नै गालामा थप्पड हान्ने र हरेक टालटुले समाधान बढीमा एक दशकको लागि खोज्ने हो । किनकि यहाँ सर्पको मुखमा परेको भ्यागुतोले फट्याङ्गाको सिकार गर्न मुख बाउँछ, जसको आन्दोलन उही नेता हुनु नि । फेरि उत्खनन किन ?



**डम्बर खतिवडा**

भन्नै पर्ने तीन कुरा- १.राजावादी धेरै मुख नमिठ्याऊँ, हिस्स बुढी हरिया दाँत हुन्छौँ, २. कांग्रेस-कम्युनिस्ट- सबै दलहरू-धेरै ठुला कुरा नगर, केही समय आत्म समीक्षा गर, नेतृत्व र कार्यशैली बद्लेर नयाँ तरिकाले अगाडि आउँ र ३. नागरिक- जेनजी विद्रोहलाई सम्मान र अन्तरिम सरकारलाई सहयोग गरौं ।

## इतिहासमा आज

१४ सेप्टेम्बर २००३ मा जनरल भेरिसिमो कोरिया सिब्राको नेतृत्वमा रक्तपातपूर्ण सैन्य विद्रोहमा बिसाउ-गिनीका राष्ट्रपति कुम्बा इलालाई सत्ताबाट हटाइएको थियो ।



१४ सेप्टेम्बर २००८ मा एरोफ्लोट उडान ८२१, एक बोइङ ७३७-५००, रूसको पर्ममा रहेको पर्म अन्तर्राष्ट्रिय विमानस्थल नजिकै पुग्दा ट्रान्स-साइबेरियन रेलवेको एक खण्डमा दुर्घटनाग्रस्त भयो । जसमा सवार सबै ८८ जनाको मृत्यु भएको थियो ।



१४ सेप्टेम्बर २००१ मा सेप्टेम्बर ११ को आक्रमणका पीडितहरूका लागि वाशिंगटन राष्ट्रिय क्याथेड्रलमा ऐतिहासिक राष्ट्रिय प्रार्थना सेवा आयोजना गरिएको थियो । क्यानडामा पनि संसद हिलमा यस्तै सेवा आयोजना गरिएको थियो ।



१४ सेप्टेम्बर १९९७ मा भारतको मध्य प्रदेशको बिलासपुर जिल्लामा अहमदाबाद-हावडा एक्सप्रेसका ५ वटा बोगीहरू नदीमा खस्दा ८१ जनाको मृत्यु भएको थियो ।



# जेनजी आवाज र वर्तमान राजनीति

विचार



● भरत प्रसाद देवकोटा

> *जेनजीले सत्ता परिवर्तन गरायो । तर, उठाएका थुप्रै एजेन्डा अलपत्र छन् । जसलाई सम्बोधन कसरी गर्ने भन्ने प्रश्न अहम् रूपमा उठेको छ । सरकारको नेतृत्व लिँदैमा समाधान नभएका विगतका घटनालाई ध्यानमा राख्दै जेनजी संवेदनशीलरूपमा अघि बढ्न आवश्यक छ ।*

जेनजी पुस्ताले भदौ २३ मा काठमाडौंलगायत देशभरि प्रदर्शन गर्दै निम्न मागहरू राखेका थिए– भ्रष्टाचार रोक्नुपर्छ, सुशासन कायम हुनुपर्छ, नागरिकले पाउने सेवा-सुविधा सहज हुनुपर्छ र युवाहरूलाई देशभित्रै रोजगारीको व्यवस्था मिल्नुपर्छ । उक्त प्रदर्शन शान्तिपूर्ण थियो । तर, अन्ततः संसद भवनमा तोडफोडसम्मको अवस्था आयो । त्यसपछि गृह प्रशासनले प्रदर्शनकारीहरूमाथि निर्मम रूपमा गोली चलायो । त्यस घटनापछि जेनजी पुस्ताका युवाहरू प्रशासनको निगरानीमा परे ।

सो दिनमात्र १९ जनाले ज्यान गुमाए भने आजसम्म आइपुग्दा ५० जनाभन्दा बढीको मृत्यु भइसकेको छ । ४०० भन्दा बढी युवा घाइते छन्, जसमा धेरैले अङ्गभङ्ग व्यहोर्नंपरेको छ । राज्यको यस्तो दमन क्रूर, अन्यायपूर्ण र अमानवीय हो । आन्दोलनको दोस्रो दिन भदौ २४ गते जेनजी पुस्ताले पूर्व प्रधानमन्त्रीदेखि वर्तमान मन्त्री र प्रधानमन्त्रीसम्मका घरहरूमा तोडफोड र आगजनीसमेत गरे । यसमा बाहिरबाट घुसपैठ भएको दाबी जेनजी पुस्ताले सञ्चार माध्यमहरूमार्फत गरेका छन् ।

पूर्व प्रधानमन्त्री केपी शर्मा ओली, झलनाथ खनाल, र शेरबहादुर देउवाजस्ता नेताहरू, जसले पटक-पटक प्रधानमन्त्री भएर देशको बागडोर सम्हालेका छन्, तिनका घरमा अकूत सम्पत्ति भेटिनु गम्भीर प्रश्नको विषय बनेको छ । यस्ता सम्पत्तिहरू करोडौं रुपैयाँको छन्, जुन भ्रष्टाचार र जनताको शोषणको प्रत्यक्ष प्रमाणको रूपमा लिइएको छ । अबको पुस्ता यस्तो नेतृत्वबाट सुशासन, शान्ति, अमनचयन र सेवा-सुविधा पाउने अपेक्षा गर्दैन । यस घटनाको निष्पक्ष छानबिन हुनुपर्छ र संलग्न जो कोहीलाई कानुनी कारबाहीको कठघरामा उभ्याइनुपर्छ ।

जनताको राजस्वबाट तलब, भत्ता, सुविधा लिने सार्वजनिक पदधारीहरूले नागरिकका छोराछोरीहरूलाई भुटानी शरणार्थी बनाई बेच्ने, खाडी मुलुकहरूमा तेर्स्याउने, बेरोजगार बनाउने, र आफू भने विलासिताको जीवन बिताउने, यस्ता नेताबाट अबको पुस्ताले पाठ सिक्नुपर्ने भएको छ । यी नेताहरूलाई पदच्युत गर्ने अधिकार नागरिककै हातमा छ । त्यसका लागि नागरिक सूचित, चेतनशील र जागरूक बन्नु अत्यावश्यक छ ।

जेनजीकै मागअनुसार यतिबेला प्रधानमन्त्रीमा सुशिला कार्की नियुक्त भइसकेकी छिन् । अब बाँकी मन्त्रिपरिषद्को गठनको तयारी हुँदैछ । राष्ट्रपतिले नियुक्ति दिँदै कार्की सरकारलाई ६ महिनाको समय दिएका छन् र ६ महिनाभित्र चुनाव गराउन भनेका छन् । यसले अब देशमा शान्तिपूर्ण अवस्थाको सुरुवात भएको सन्देश दिएको छ । अब मुलुक पुनः पुरानै लयमा जाला भन्ने आशा पनि पलाएको छ ।

अहिले संविधान संशोधनको विषय जोडतोडले उठेको छ । अन्तरिम सरकारले कसरी संविधान संशोधन गर्ला र कसरी मुलुकलाई अगाडि बढाउला भन्ने प्रश्नहरु उठेका छन् । बेलायत जस्तो देशमा संविधान नभएकाले, संवैधानिक कानुनहरू साधारण बहुमतले नै संशोधन गर्न सकिन्छ । भारतमा भने संघ र राज्य मिलेर मात्र संशोधन सम्भव छ । नेपालको अन्तरिम संविधान २०६३, निष्क्रिय हुँदासम्म १२ पटक संशोधन भइसकेको थियो । नेपालको संविधान २०७२ लाई जनताको संविधान मानिए पनि, धेरै विषयहरूमा लचिलोपन र कठोरताको अस्पष्ट सीमारेखा देखिन्छ ।

हाल नेपालको शासन संघीय संरचनाअन्तर्गत तीन तहमा बाँडिएको छ– संघीय सरकार, प्रदेश सरकार, र स्थानीय सरकार । तर, पछिल्लो समय प्रदेश सरकारहरू अत्यधिक खर्चिलो र अप्रभावकारी बनेका कारण कतिपय राजनीतिक दलहरूले प्रदेश संरचना खारेज गर्नंपर्ने आवाज उठाउँदै आएका छन् । यस आवाजमा जेनजी पुस्ताको समर्थन पनि पाइन्छ ।

देश अहिले गम्भीर राजनीतिक संकटमा छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका सबै भौतिक संरचनागतरुपमा ध्वस्त करिब छ । कार्यपालिकाको नेतृत्व पाएपनि अब नेतृत्वले कसरी अगाडि बढाउला भन्ने सशंय बाँकी नै छ । सँगै, विद्रोही पक्षले सत्ता लिए पनि बाँकी शक्तिलाई कसरी समेट्ने भन्ने प्रश्न पनि छ । जेनजीले उठाएका सुशासनका मुद्दालाई पनि कसरी सम्बोधन गर्ने भन्ने प्रश्न कायमै छ । यस्तोमा कार्की नेतृत्वको सरकार अवस्थालाई गम्भीररुपमा केलाउँदै अगाडि बढ्नुपर्छ । अवस्था सामान्य नभएकोमा हेक्का राख्नुपर्छ ।

## पाठक पत्र



### माल्टाबाट प्रधानमन्त्रीलाई खुला पत्र

***आदरणीय प्रधानमन्त्रीज्यू,***

म माल्टा–युरोपमा रहे पनि, मेरो हृदय सधैँ नेपाली माटो र नेपाली जनताको मायामा गाँसिएको छ । तपाईं नेपालको प्रधानमन्त्री बन्नुभएको यो ऐतिहासिक अवसरमा, आफूलाई मातृभूमिलाई संसारमै सबैभन्दा धेरै माया गर्ने सन्तान ठान्दै, हृदयदेखि बधाई र अनन्त शुभकामना अर्पण गर्दछु ।

आमा, नेपाल हाम्रो साझा गौरव हो, हाम्रो पहिचानको आधार र आत्माको मूल हो । परदेशमा भए पनि, मेरो प्रत्येक श्वास नेपालकै नाममा बाँचिरहेको छ र हरेक धड्कन नेपालकै अस्तित्वसँगै धड्किरहेको छ । जीवनले जहाँ लगोस्, मेरो आत्मा सधैँ मातृभूमिको सेवामा समर्पित हुनेछ ।

तपाईं हाम्रो लागि केवल एक प्रधानमन्त्री होइन, हामी नेपालीका लागि आमाजस्तै ममतामयी छायाँ, आशाको प्रकाश र भविष्यप्रतिको विश्वास हुनुहुन्छ । तपाईंको मातृत्वपूर्ण नेतृत्वमा नेपालले शान्ति, समृद्धि र राष्ट्रिय एकताको नयाँ यात्रा तय गर्नेछ भन्नेमा म दृढ विश्वास गर्दछु ।

*जय नेपाल, जय नेपाली*

***-सुजन बनियाँ***
***माल्टा–युरोप निवासी नेपाली***



मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# कैदीबन्दीहरूलाई कारागार फर्कन र हतियार फिर्ता गर्न आयोगको आग्रह

**काठमाडौं/मस-** राष्ट्रिय मानव अधिकार आयोगले हालै भएको जेन जेड आन्दोलनका क्रममा कारागारबाट भागेका कैदी बन्दीहरूलाई तत्काल सम्बन्धित कारागारमा फर्कन आग्रह गरेको छ ।




आयोगले एक प्रेस विज्ञप्ति जारी गर्दै राजधानीसहित देशका विभिन्न भागमा भदौ २३ र २४ गते भएको जेन जेडको प्रदर्शनको क्रममा कारागारबाट भागेका कैदी बन्दीहरूका कारण समाजमा त्रास र असुरक्षा बढेको भन्दै यस विषयलाई गम्भीरतापूर्वक लिएको जनाएको हो ।

आयोगका अनुसार, भागेका कैदीबन्दीहरूले अपराध पीडितको हकमाथि असर पारेको र विशेषगरी महिला, बालबालिका तथा अपराध पीडित परिवारमा मनोवैज्ञानिक त्रास सिर्जना भएको पाइएको छ । विज्ञप्तिमा सुरक्षा निकायलाई कैदी बन्दीहरूको खोजी कार्यलाई तीव्रता दिन र उनीहरूलाई पनि कानुनी शासनको सम्मान गर्न आह्वान गरिएको छ ।

यस्तै आयोगले आन्दोलनका क्रममा प्रदर्शनकारीहरूले नियन्त्रणमा लिएका नेपाल प्रहरीका हतियार र पोशाक फिर्ता गर्नसमेत आग्रह गरेको छ । यी हतियारको दुरुपयोग भएर हिंसात्मक गतिविधि हुन सक्ने भन्दै आयोगले यसलाई गैरकानुनी कार्यको रूपमा व्याख्या गरेको छ ।

आयोगका प्रवक्ता सहसचिव डा. टीकाराम पोखरेलले जारी गरेको विज्ञप्तिले समाजमा शान्ति, सुरक्षा र कानुनी शासन कायम गर्न सबैको सहयोग आवश्यक रहेकोमा जोड दिएको छ ।

# जेनजी आन्दोलनमा अस्ताएपछि बस्ती नै मर्माहत

**पर्सा/मस-** दुई महिनाअघि मात्रै वीरगञ्ज महानगर-१२ का असहाव आलम ठकुराई वैवाहिक बन्धनमा बाँधिएका थिए । आफ्नो वैवाहिक जीवन राम्रोसँग अघि बढाउन नपाउँदै असहावले मंगलबार काठमाडौंमा भएको जेनजी समूहको प्रदर्शनीमा प्रहरीको गोली लागेर ज्यान गुमाए ।



२२ वर्षे असहाव भारतको विहार राज्यको पूर्वी चम्पारणको आदारपुर नजिकै बेल्दर्वाका रोक्सिता खातुनसँग दुई महिनाअघि मात्रै प्रणयसूत्रमा गाँसिएका थिए । तर, कलिलो उमेरमै आन्दोलनमा परेर ज्यान गुमाएपछि अहिले वीरगञ्ज महानगर मुर्लीका बासिन्दा शोकमा डुबेका छन् ।

विगत तीन वर्षदेखि अध्ययन तथा रोजगारीका सिलसिलामा असहाव काठमाडौंमा रहँदै आइरहेका थिए। तर, मङ्लबार पठाओमा यात्रुलाई गोंगबु लैजाने क्रममा प्रहरीको गोली लागेर जेनजी आन्दोलनमा सहादत प्राप्त गरेको उनको परिवारले जनाएको छ । उनको मृत्युसँगै अहिले उनकी आमा नजला खातुन र उनकी श्रीमती रोक्सिता खातुन बेलाबखतमा मुर्छित हुँदै अचेत अवस्थामा रहेकी छन् ।

आफ्नो छोराको मृत्युले विछिप्त भएकी आमा नजला खातुनले आफ्नो छोरा श्रवणकुमारजस्तै आमाबुबालाई असाध्यै माया गर्ने सन्तान रहेको बताइन् ।


'मेरो छोरा श्रवणकुमार जस्तै थियो । भर्खरै बिहे गरेर बुहारी भित्र्याएको छ । अब मेरी बुहारी कसको मुख हेरेर बाँच्ली ?' आमा नजलाले रुँदै भनिन्, 'दुई महिनाअघि मात्रै विवाह गरेर ल्याएकी बुहारीको सिउँदो उजाडिएको छ ।' आमा नजमाले आफ्नो छोरालाई प्रहरीले किन मारेको भनेर बारम्बार प्रश्न सोध्दै आइरहेकी छन् । 'अहिले बुहारी छोराको यादमा बिलौना गरेर बसिरहेकी छन् । मेरी बुहारीले के अपराध गरेकी थिइन् र उनलाई बिछोड गराइयो ?' उनले स्तब्ध हुँदै भनिन् । मृतक ठकुराई पाँच सन्तानमध्येका तेस्रो छोरा हुन् । असहाव वीरगञ्जको ग्लोबल विजनेस कलेजबाट कक्षा १२ व्यवस्थापन सङ्कायमा पास गरेर थप अध्ययन र रोजगारीका लागि काठमाडौं गएका थिए । असहावका छिमेकी मनोज गुप्ताले असहाव गत मंगलबार बिहान १० :०० बजेपछि सम्पर्कविहीन भएपछि खोजी गर्दा उनको शव काठमाडौंको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा भेट्टिएको जानकारी दिए ।

'असहावको छाती र पेटमा गरेर दुई वटा गोली लागेको देखिन्छ', उनले भने, 'शुक्रबार परीक्षणलगायतका प्रक्रिया पूरा गरेर असहावका काकाले उहाँको शव ल्याउँदै हुनुहुन्छ ।' छिमेकी गुप्ताले असहाव निकै मिजासिलो र आँखामा राख्दा पनि नबिजाउने प्रकृतिको व्यक्तित्व रहेको बताए ।

असहावका काका असराल आलम ठकुराईले असहावको मृत्युले निकै मर्माहत भएको बताए । 'उनको मृत्युले हामी निकै मर्माहत भएका छौं', उनले भने, 'जेनजी आन्दालेनमा असहावजस्तै ज्यानको आहुति दिने योद्धाको बालीदानले मुलुकमा नयाँ क्रान्तिको सुरुवात होस् ।'

वीरगञ्ज महानगर-१३ का पूर्ववडाध्यक्ष तुफान अन्सारीले आफूले एक असल छिमेकी भाइ गुमाउनुपर्दा निकै मर्माहत भएको बताए । 'असहाव भाइ निकै असल व्यक्ति हुनुहुन्थ्यो । उहाँको निधनले अपुरणीय क्षति भएको छ', उनले भने, 'अहिले उहाँको परिवारमात्रै नभएर सिंगो मुर्लीवासी स्तब्ध र शोकमा डुबेका छौं ।' शुक्रबार साँझ जेनजी आन्दोलनमा ज्यान गुमाएका असहावको सम्झना गर्दै वीरगञ्जका मुर्लीवासीले वीरगञ्जको प्रतिमाचोकमा मैनबत्ती बालेर स्मरण गरेका छन् ।

# भोजपुरका विपन्न परिवारले पाए जस्तापाताको छानो



**भोजपुर/मस-** भोजपुरको टेम्केमैयुङ गाउँपालिका ६ कोटका आर्थिक अवस्था कमजोर भएका विपन्न परिवारले जस्तापाताको छानो पाएका छन् । आर्थिक अवस्था कमजोर भएका कारण छानो फेर्न नसकेको एक सय आठ परिवारले जस्तापाताको छानो पाएका हुन् ।

जस्तापाताको छानो वितरणसँगै वडा फुसको छानोमुक्त भएको छ । आगलागी जस्ता घटनाबाट बचाउँदै वडा क्षेत्रको सुन्दरतासँगै बस्तीमा एक रुपता ल्याउने लक्ष्यले गरिव तथा विपन्न परिवारलाई जस्तापाताको छानो दिइएको वडाध्यक्ष सूर्यप्रसाद नेपालले बताए ।

विभिन्न आर्थिक वर्षमा वडाले बजेट विनियोजन गरेर ४३ परिवार र शघन शहरी कार्यालयबाट ६५ परिवार गरी एक सय आठ परिवारलाई जस्ताको छानो वितरण गरिएको उनको भनाइ छ । 'हाम्रो वडा फुसको छानोमुक्त बनेको छ'वडाध्यक्ष नेपालले भने, ' यहाँका गरिव तथा विपन्न एक सय आठ परिवारको छानो फेरेका छौं । जस्ताको छानो फेरेसँगै स्थानीयलाई सहजता भएको छ ।' गरिवीका कारण वर्षौंबाट खरको चुहिँने घरमा बस्दै आएको अवस्थामा जस्तापाताको छानो पाउँदा सहजता भएको स्थानीयबासी चिनामाया भारतीले बताइन् ।

चुँहिने घरमा कष्टकर जीवन विताउँदै आएको अवस्थामा सरकारले छानो दिएपछि दैनिकीमा परिवर्तन आएको स्थानीयबासी कृष्ण गिरीले बताए । घरमा जस्तापाताको छानो लगाएकोले वर्सेनी छानो फेर्नु पर्ने बाध्यताको अन्त्य भएको उनको भनाइ छ ।

'राज्यले जस्तापाताको छानो दिएको छ' उनले भने, ' फुसको छानोमा बस्दा धेरै समस्या थियो । फुसको छानो हुँदा आगालागी पनि धेरै डर हुन्थ्यो । छानो फर्न पाउँदा खुसी लागेको छ ।'

# गाउँपालिकामा पाँच करोड क्षति दसैंअघि कार्यालय सञ्चालनमा नआउने

**चितवन/मस-** जेनजीका नाममा भएको प्रदर्शनमा भदौ २४ गते भएको आगजनी र तोडफोडका कारण चितवनको इच्छाकामना गाउँपालिकामा ठूलो क्षति पुगेको छ ।



गाउँपालिकाले शुक्रबार गरेको अनुगमनका क्रममा करिब पाँच करोड बराबरको क्षति पुगेको प्रारम्भिक अनुमान छ । गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङ चढ्ने स्कोरपियो गाडी, उपाध्यक्ष माया सिलवाल चढ्ने महिन्द्रा बलेरो गाडी र चालु हालतमा नरहेको मारुती गाडी गरी तीन थान गाडी जलेर पूर्णरुपमा नष्ट भएको छ भने तीन वटा मोटरसाइकल जलेर नष्ट भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रकान्त बस्नेतले जानकारी दिए ।

उनका अनुसार पालिका प्राङ्गणमा नै रहेको एक थान जेसिबी र एक थान टिप्पर गाडीमा क्षति पुगेको छ । गाउँपालिकाको प्रशासनिक भवनको सबै झ्यालको सिसा फुटाउनुका साथै हरेक शाखाको फर्निचर, कम्प्युटर, प्रिन्टरलगायत जिन्सी सामग्रीको तोडफोड र कागजपत्र जलाएर नष्ट पारिदिएको छ भने वडा नं. ४ को कार्यालयको माथिल्लो तलामा रहेको कृषि र पशुशाखाका सम्पूर्ण सामग्री, कागजपत्र, प्रयोगशालाको मेसिन कामै नलाग्ने गरी तोडफोड र जलाइ दिएका छन् । इच्छाकामना गाउँपालिकाको सात वटा वडाहरुमध्ये दुई वटा वडामा ठूलो क्षति पुर्‍याएको छ । गाउँपालिकासँगै रहेको वडा नं. ४ को कार्यालयको भित्रि भागमा क्षति नपुर्‍याए पनि झ्यालमा क्षति पुगेको छ भने वडा कार्यालयको माथिल्लो दुई तलामा पूर्ण क्षति पुर्‍याएको छ ।

यस्तै हपनीमा रहेको वडा नं. २ को कार्यालयमा रु करोडभन्दा बढी क्षति पुगेको छ । हाल रहेको वडा कार्यालयभित्रै आगजनी गरिदिएका कारण कार्यालयभित्र रहेको सम्पूर्ण जिन्सी सामान र कागजपत्र पूर्णरुपमा जलेर नष्ट भएको छ भनेसँगै बनाएको उद्घाटन गर्न बाँकी रहेको नवनिर्मित कार्यालय भवनमा आगो लगाइ तोडफोड गरेको क्षति पुगेको छ ।

आन्दोलनकारीले कार्यालय तोडफोडका क्रममा एक जना कर्मचारीलाई कुटपिट गरेको छ । कार्यालयको आइटी शाखामा कार्यरत शाखा प्रमुख श्रीराम त्रिपाठीलाई आन्दोलनकारीले कुटपिट गरेका थिए । कुटपिटबाट त्रिपाठीको टाउकोमा चोट लागेको छ ।

विध्वंसबाट भएको क्षतिले तत्काल कार्यालयको सेवा सञ्चालन गर्न नसकिने अवस्था रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रकान्त बस्नेतले जानकारी दिए । उनले दसैँअघि कार्यालयको सेवा सञ्चालन गर्न सकिने अवस्था नरहेको बताए ।

'कार्यालयका सबै कम्प्युटर, प्रिन्टर, फर्निचर, कागजपत्र जलेर नष्ट भएका छन् भने भवनलाई पूर्ण मर्मत नगरी सेवा दिन सक्ने अवस्था छैन, यसैले सेवा सञ्चालन गर्न कम्तीमा महिना दिनभन्दा बढी लाग्ने देखिन्छ', उनले भने ।

यद्यपि सकेसम्म छिटोभन्दा छिटो कार्यालयको सेवा सञ्चालन गर्ने गरी शुक्रबारदेखि नै काम थालिएको उनले बताए ।

# यान्बुमा महावाणिज्य दूतावास जेद्दाको घुम्ती शिविर

**अन्जान गुभाजु/मध्यान्ह**
यान्बु, २८ भदौ



साउदी अरबको यान्बुमा नेपाली महावाणिज्य दूतावास जेद्दाले पासपोर्ट नवीकरण, वितरण, श्रमिक सचेतना तथा समस्या निराकरणसम्बन्धी एक दिने घुम्ती शिविर सम्पन्न गरेको छ ।

कार्यक्रमलाई नेपाली सेवा समिति, यान्बुको सहजीकरणमा आयोजना गरिएको थियो । कार्यक्रममा दूतावास प्रमुख पारस पण्डितले नेपाली श्रमिकहरूका समस्या, समाधानका उपाय तथा सचेतनामूलक जानकारी प्रस्तुत गरे ।

समितिका कार्यवाहक अध्यक्ष धनबहादुर गुरुङले आगामी दिनमा पनि यस्ता शिविर निरन्तर गर्न दूतावासलाई आग्रह गर्दै दूतावास टिम तथा स्वयंसेवकहरूलाई धन्यवाद ज्ञापन गरे । सहभागीहरूले भौगोलिक रूपमा दूतावाससम्म पुग्न समय र खर्च दुवै लाग्ने भएकाले आफ्नै क्षेत्रमा सेवा प्राप्त गर्न पाउँदा सहज भएको प्रतिक्रिया दिए ।

शिविरमा यान्बु, रबिक, मदिना, अल वाज, दुबा, रेड सीलगायत विभिन्न क्षेत्रबाट आएका १६१ जनाले पासपोर्ट नवीकरणका लागि लाइभ इन्रोलमेन्ट आवेदन दिएका थिए । कार्यक्रममा नव नियुक्त महावाणिज्य दूतावास प्रमुख सुरेश पण्डितलाई पुष्पगुच्छा र दोसल्ला ओढाएर स्वागत गरिएको थियो ।

महावाणिज्य दूतावास प्रमुख पारस पण्डित, दूत शुभास यादव, राजु बास्कोटा, सुरेश पण्डित, सुमन वाग्लेलगायतको कार्यक्रममा उपस्थिति रहेको थियो ।

# जलेका कार्यालय सरसफाइ गरी अत्यावश्यक सेवा सञ्चालन

**तनहुँ/मस-** जेनजी आन्दोलनका क्रममा तनहुँमा भएका सरकारी कार्यालय तोडफोड र आगजनीपश्चात् अत्यावश्यक सेवा सञ्चालनको तयारी गरिएको छ । जिल्ला प्रशासन कार्यालय तनहुँले सबै कार्यालयलाई परिपत्र गर्दै क्षतिको विवरण संकलन गर्न निर्देशन दिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले आन्दोलनका क्रममा भएको क्षतिको विवरण संकलन गरी प्रशासन कार्यालयलाई उपलब्ध गराउन परिपत्र गरेको जानकारी दिए । तोडफोड र आगजनीबाट कार्यालयमा भएका फोहर सरसफाइ गर्न समेत कर्मचारीलाई आग्रह गरिएको उनले बताए ।

उनले भने, 'अधिकांश कार्यालय तोडफोड र आगजनी भएका छन् । सबै व्यवस्थापन मिलाएर सेवा प्रवाह गरिनेछ । अत्यावश्यक सेवा भने तत्कालै सञ्चालन गरिनेछ ।'




जेनजीको आन्दोलनका क्रममा जिल्ला प्रशासन कार्यालय तनहुँ, जिल्ला अदालत तनहुँ, जिल्ला समन्वय समिति, व्यास नगरपालिका, मालपोत कार्यालय, आन्तरिक राजस्व कार्यालय, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय, डिभिजन वन कार्यालयका भवन र सवारीसाधन तोडफोड र आगजनी गरिएको छ ।

# सुनसरीका मूर्तिकारलाई माटोको कलात्मक मूर्ति बनाउन भ्याइनभ्याइ

**सुनसरी/मस-** चाडपर्व नजिएसँगै सुनसरीका मूर्तिकारलाई माटोको कलात्मक मूर्ति बनाउनका लागि भ्याइनभ्याइ भएको छ ।



सदरमुकाम इनरुवासहित जिल्लाका विभिन्न ठाउँमा बसोबास गर्ने मूर्तिकारलाई चाडपर्व नजिकिएसँगै माटोका कलात्मक मूर्ति बनाउन भ्याइनभ्याइ भएको हो । विभिन्न स्थानीय तह वा क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायका मानिसले चाडपर्वका बेलामा देउताको प्रतिमाको रुपमा माटोका कलात्मक मूर्ति राखेर पूजाआजा गर्ने भएकाले मूर्ति बनाउनका लागि भ्याइनभ्याइ भएको इनरुवा-४ का मूर्तिकार गणेश मेहताले बताए ।

मिथला क्षेत्रमा बसोबास गर्ने हिन्दू नारीको महान्पर्व जितियामासमेत सुनसरीको कोसी, भोक्राहा, हरिनगर इनरुवा, देवानगञ्ज, बर्जु, दुहबी, गढीलगायतका स्थानमा बसोबास गर्नेले देवीदेउताको प्रतिमाका रुपमा माटोको कलात्मक मूर्ति राखेर पूजा गर्ने भएकालेसमेत यसको माग बढेको र बनाउनका लागि व्यस्त हुने गरेको इनरुवाका मूर्तिकार मनोजकुमार मेहताले बताए ।

त्यसैगरी विश्वकर्मा पूजा आउन चार दिनमात्र बाँकी रहेको छ भने घटस्थापन आउन नौ दिनमात्र बाँकी रहेका बेलामा सुनसरीका मूर्तिकारको व्यस्तता बढेको स्थानीय धार्मिक क्षेत्रका अगुवा स्थानीय पत्रकार गणेशकुमार यादवले बताए ।

विशेष गरेर विश्वकर्मा पूजामा विश्वकर्मा बाबाको माटोको कलात्मक प्रतिमा अर्थात् मूर्ति राखेर पूजा गर्ने भएकालेसमेत मूर्तिकार व्यस्त भएका हुन् । विश्वकर्मा पूजामा मात्र एउटा मूर्तिकारले एक जना सहयोगीका भरमा ५० देखि १०० मूर्तिसम्म बिक्री गर्ने गरेका छन् । पराल, दाम्लो (डोरी) र माटोको प्रयोग गरेर मूर्तिकारले मूर्ति बनाउने गरेका छन् ।

त्यसैगरी दशैका बेलामा दुर्गासँगै विभिन्न देवीदेउताका मूर्ति बनाउने भएकाले मूर्तिकारको व्यस्तता बढेको छ भने आर्थिक आम्दनीसमेत बढ्दै गएको छ । अरुबेला बसेर वा खेतीपाती गरेर दैनिकी गर्दै आएकामा चाडपर्वका बेलामा आर्थिक आम्दनीको मूलमूर्ति निर्माण गर्ने कार्य हुने गरेको मूर्तिकारले बताएका छन् । यो सिजनमा एउटा मूर्तिकारले जितिया, विश्वकर्मा र दसैंमा मूर्ति निर्माण गरेर जिल्लामा रु एक लाखदेखि रु दुई लाखसम्म आम्दानी गर्दै आएका छन् ।

विश्वकर्मा पूजामा माटोको कलात्मक विश्वकर्माको प्रतीक राखेर सवारी चालक तथा धनी र उद्योगीले पूजाअर्चना गर्ने भएपछि मूर्तिको माग बढेको मूर्तिकार विनोद यादवले बताए । एउटा मूर्तिकारले रु पाँच हजारदेखि २५ हजारसम्मको एउटा कलात्मक माटोको मूर्ति बनाएर बिक्री गर्ने गरेको राजकुमार यादवले बताए । मूर्तिको माग बढेपछि वार्षिक रुपमा मूल्यसमेत बढेको स्थानीय उपभोक्ताले बताएका छन् ।

**यूएईमा रोजगार**
कम्पनी : CITIZEN SECURITY SERVICES | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/२७ | चलानी नं.: ६०२४४७३० | LT. No.: 330972

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 13 | 2 | स. काममा दक्ष | 1200 | ४६,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असोज ५ गते (21 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Golden Achievers International Pvt.Ltd**
Basundhara Chauki Kathmandu, Tel: 01-5914478,01-5919381.
Mobile: 9818261234, 9803552057, 9808752412 Itahari: 02 -5590780, 9852085280, 9818455280, 9815360066
Email: goldenint111@gmail.com, web:www.goldenach.com

# अन्जनको दुखेसो– 'नेपालमै लिग भए विदेश जानुपर्ने थिएन'




**काठमाडौं / मस–** नेपाली राष्ट्रिय फुटबल टोलीका फरवार्ड अन्जन विष्टले देशमा लामो समयदेखि फुटबल लिग नचल्दा आफूहरू बाध्यतावश रोजगारीका लागि विदेश जानुपरेको गुनासो गरेका छन् । हालै मात्र उनी बंगलादेशको ब्रदर्स युनियन क्लबमा आबद्ध भई ढाका पुगेका छन् ।

विष्टले सामाजिक सञ्जालमार्फत व्यक्त गरेको भावनाले नेपाली खेलकुदकै वास्तविकता उजागर गरेको छ । उनले लेखेका छन्, 'मैले नेपालकै लागि खेल्ने सपना बोकेको थिएँ तर घर-परिवारको पेट पाल्न र आमाबुबाको चाहना पूरा गर्न परदेशिन बाध्य भएँ । अहिलेको अवस्थामा सम्पूर्ण खेलाडीहरू बेरोजगारझैं छन् । एन्फाले लिग चाँडै सञ्चालन गर्ने वातावरण बनाउन जरुरी छ ।'

अन्जन मात्र होइन, राष्ट्रिय टोलीका मिडफिल्डर एरिक विष्ट, डिफेन्डर सनिश श्रेष्ठ र योगेश गुरुङ पनि त्यही क्लबमार्फत बंगलादेश लिगमा सहभागी हुन गएका छन्। उनीहरू चारै जना ब्रदर्स युनियनबाटै प्रतिस्पर्धा गर्नेछन् ।

नेपालमै निरन्तर फुटबल गतिविधि हुने हो भने विदेशी मैदान धाउनुपर्ने अवस्था नआउने अन्जनको धारणा छ । उनले नेपालमा व्यावसायिक फुटबल संरचना बलियो नहुँदा प्रतिभावान खेलाडीहरू पलायन हुन बाध्य भएको पीडा पोखेका छन् ।

अन्जनले आफ्नो स्टाटसमार्फत देशको वर्तमान राजनीतिक परिस्थिति र युवा आन्दोलनको प्रसंग पनि उठाएका छन् । उनले भनेका छन्, 'नेपाल आमा आज पीडामा हुनुहुन्छ, सडकमा निहत्था युवाहरू सहादत प्राप्त गरिरहेका छन् । मैले पनि केही गर्न सकिनँ, यो मेरो दुर्भाग्य हो । मलाई माफ गर्नुहोस्, मैले मातृभूमिको लागि आवश्यक क्षणमा योगदान दिन सकिनँ ।'

नेपाली राष्ट्रिय टोलीका लागि हालसम्म सर्वाधिक १३ गोल गर्ने कीर्तिमान साझा गरेका अन्जनले आफू देश फर्किएर फेरि केही योगदान दिने अठोट लिएका छन् । साथै आन्दोलनका क्रममा ज्यान गुमाएका युवाप्रति श्रद्धाञ्जली प्रकट गरेका छन् ।

उनले एन्फालाई तत्काल लिग सञ्चालन गर्ने तयारीमा जुट्न आग्रह गर्दै भनेका छन्, 'हामी खेलाडीहरूलाई काम गर्ने, खेलमार्फत आमाबुबाको सपना पूरा गर्ने अवसर देशमै उपलब्ध हुनुपर्छ । विदेशिनुपर्ने बाध्यता हटाउने दायित्व एन्फाकै हो ।'

विगत केही वर्षदेखि स्थगित हुँदै आएको राष्ट्रिय लिग सुरु नहुँदा नेपाली फुटबलरहरू विदेशी क्लबतर्फ आकर्षित भइरहेका छन् । अन्जनको भनाइले फेरि एकपटक देशभित्रै बलियो लिग संरचनाको आवश्यकता उजागर गरेको छ ।

# आर्सनलको सहज जित




**काठमाडौं / मस–** मार्टिन जुविमेन्दीले आर्सनलका लागि पहिलो पटक गोल गर्दै दुई गोल प्रहार गरेपछि आर्सनलले नटिङ्घ्याम फरेस्टलाई सहज ३-० ले पराजित गरेको छ । यससँगै नयाँ प्रशिक्षक एन्ज पोस्टेकोग्लुको पहिलो खेल नै हारमा बदलिएको छ ।

पूर्व टोटेनहम प्रशिक्षक पोस्टेकोग्लु आर्सनलका प्रशिक्षक मिकेल आर्टेटाविरुद्ध अघिल्ला चार खेलमा समेत जित्न सकेका थिएनन् । तीन खेलमा हार र एकमा बराबरी खेलेका उनको कमजोर रेकर्ड यसपटक पनि फेरिएन ।

घाइते कप्तान मार्टिन ओडेगार्ड सुरुवातमै मैदान छाड्नुपरे पनि आर्टेटाले आक्रमणात्मक टिम उतारे । दायाँ विङमा घाइते बुकायो साकाको स्थानमा नोनी माडुएकेले उत्कृष्ट प्रदर्शन गरे । उनका इन्स्विङ कर्नरहरू फरेस्टको रक्षा पंक्तिका लागि चुनौती बने ।

पहिलो गोल माडुएकेको कर्नरबाटै आयो । दोस्रो हाफ सुरु भएको एक मिनेटमै एबेरेची इजेले भिक्टर ग्योकरेसलाई पास दिए र उनले नजिकैबाट सजिलै गोल थपे । त्यसपछि जुविमेन्दीले लेआन्ड्रो ट्रोशार्डको क्रसमा हेडमार्फत व्यक्तिगत दोस्रो गोल गरे ।

आर्सनलका गोलरक्षक डाभिड रायाले क्लबका लागि १०० खेल पूरा गर्दा ४२औं क्लिनसिट राखे । डिफेन्समा विलियम सालिबा अनुपस्थित हुँदा क्रिस्टियन मोस्केराले ग्याब्रियलसँगै उत्कृष्ट खेल खेले ।

फरेस्टका लागि मोर्गन गिब्स-ह्वाइटले काउन्टर अट्याकमा गोल गर्ने उत्कृष्ट अवसर गुमाए । नयाँ प्रशिक्षक पोस्टेकोग्लुले छोटो तयारीमा आक्रामक शैली अपनाउने प्रयास गरे पनि आर्सनलले खेलमै नियन्त्रण जमायो ।

आर्सनलले अघिल्लो खेलमा लिभरपुलसँग हार व्यहोरेको आलोचना पन्छाउँदै यसपटक प्रभावशाली जित हात पार्‍यो । अब उनीहरू आगामी मंगलबार च्याम्पियन्स लिगमा एथलेटिक बिल्बाओविरुद्ध खेल्नेछन् भने नटिङ्घ्याम फरेस्टले बुधबार इएफएल कपमा स्वान्सीसँग भिड्नेछ ।

# एसिया कपमा पाकिस्तानको विजयी सुरुवात




**काठमाडौं / मस–** यूएईमा जारी एसिया कप क्रिकेटमा पाकिस्तानले ओमानलाई ९३ रनले हराउँदै प्रतियोगितामा विजयी सुरुवात गरेको छ । शुक्रबार राति भएको खेलमा पाकिस्तानको बलिङ र ब्याटिङ दुवैले समन्वय देखाएपछि ओमानलाई आफ्नो लक्ष्य पछ्याउन निकै संघर्ष गर्नुपर्‍यो ।

पाकिस्तानले दिएको १६१ रनको लक्ष्य पछ्याउन ओमानले मात्र ६७ रनमा समापन गरेको थियो। ओमानका लागि हम्माद मिर्जाले २७ रन बनाए पनि अन्य ब्याट्सम्यान क्रिजमा टिक्न सकेनन् । पाकिस्तानका बलरहरूले भने सानदार प्रदर्शन गरे । साइम अयुबले २-८, सुफियान मुकिमले २-७ र उसामा मिरले २-६ रनको लागतमा समान रूपमा विकेट लिएर ओमानको बलिङलाई प्रभावकारी रूपमा दबाबमा राखे ।

पहिलो बलिङपछि टस जितेर ब्याटिङ रोजेको पाकिस्तानले २० ओभरमा ७ विकेट गुमाउँदै १६० रन बनाएको थियो । मोहम्मद हारिसले ४३ बलमै ६६ रनको आतिशी पारी खेले भने सहिबजादा फरहानले २९ रन थपे । ओमानका स्पिनर आमिर कलीम र शाह फैसलले पाकिस्तानको गति रोक्ने प्रयास गरे पनि अन्तिमतिर मोहम्मद नवाजको क्रिजमा टिक्ने प्रदर्शनले टोलीलाई १५० रनको पार बनायो ।

ओपनर साइम अयुब र कप्तान सलमान आघा पहिलो बलमै आउट भएपछि पाकिस्तानले सुरुवातमा भने केही चुनौती भोग्यो । हारिसको पारी १३औं ओभरमा आमिर कलीमको बलमा रोकियो, जसले गर्दा टोलीको स्कोर १ सय २ रनमै पुग्यो। ओमानका स्पिनर आमिर कलीमले ३१ रन खर्चेर ३ विकेट लिए ।

जवाफी ब्याटिङमा ओमानले ४१-२ सम्म राम्रो सुरुवात गरेको थियो । तर त्यसपछि टोलीले १० रनभित्र ७ विकेट गुमायो र अन्ततः १६.४ ओभरमै ६७ रनमा अलआउट भयो । यससँगै पाकिस्तानले सहज विजयी इनिङ्स पूरा गर्‍यो ।

पाकिस्तानका फाहिम अशर्फले २-६, सुफियान मुकिमले २-७ र साइम अयुबले अफस्पिनमा २-८ विकेट लिए । यस जितसँगै पाकिस्तानले प्रतियोगितामा उच्च मनोबल कायम गरेको छ । यो वर्षको एसिया कपमा पाकिस्तान जित हासिल गर्ने प्रमुख टोलीहरूमध्ये चौथो हो । यसअघि भारतले युएईलाई ५७ रनमै अलआउट गर्दै ९ विकेटले, अफगानिस्तानले हङकङलाई ९४ रनले र बंगलादेशले आफ्नो प्रतिस्पर्धीलाई ७ विकेटले पराजित गरेको थियो । पाकिस्तानले यस वर्षको टोलीमा पूर्व कप्तान बाबर आजम र अनुभवी विकेटकीपर मोहम्मद रिजवानलाई समावेश गरेको छैन । त्यसैले टिमले युवा खेलाडी र नयाँ प्रतिभालाई अवसर दिन खोजेको छ ।

अब पाकिस्तानको ध्यान आइतबार हुने भारतसँगको भिडन्ततर्फ केन्द्रित छ ।

Government of Nepal
**Water Supply and Sewerage Management Office**
Kanchanpur

**Invitation for Electronic Bids**

